# संघीय संसद
# राष्ट्रिय सभा
# सोह्रौं अधिवेशन
# कार्यवाहीको सम्पूर्ण विवरण
# २८ जेठ २०८१
# सोमवार
# बैठक सङ्ख्या- १३

राष्ट्रिय सभाको सोह्रौं अधिवेशनको पहिलो बैठक सम्माननीय अध्यक्ष श्री नारायण प्रसाद दाहालको अध्यक्षतामा दिनको १३:१५ बजे प्रारम्भ भयो।

(१३:१८ बजे)सम्माननीय अध्यक्ष :- माननीय सदस्यहरू, विशेष समयमा बोल्नका लागि दलीय आधारमा माननीय सदस्यहरूको नाम प्राप्त भएको छ । अब म, माननीय सदस्यहरूलाई बोल्न समय उपलब्ध गराउँछु।माननीय सदस्य सुरेश कुमार आलेमगर । समय ८ मिनेट। यसपछि माननीय सदस्य आनन्दप्रसाद ढुङ्गाना।

(१३:१९ बजे)माननीय श्री सुरेश कुमार आलेमगर (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र):- सम्माननीय अध्यक्षज्यू, हामी आर्थिक वर्ष २०८१/८२ का लागि प्रस्तुत यो बजेटको छलफल करिब करिब सकिसकेका छौं, हामीले। र त्यसलाई पारित गर्ने चरणमा चाहिँ हामी करिब करिब पुगेका छौं । यो बजेट पेस गर्दाको क्षण सम्झँदा मलाई अलिकति कस्तो रमाइलो लाग्छ भने बजेट पेस गर्नु भन्दा केही दिन अगाडि जुन प्रकारको वातावरण थियो, त्यो प्रकारको वातावरण यतिबेला चाहिँ रहेन। वल्लो घरको नरे पल्लो घर सारेर, पल्ला घर जे भएको थियो यो घरमा पनि त्यही भयो। नाराजुलसमय, कोलाहलमय र सङ्गीतमय वातावरण बनेको थियो। यो सङ्गीतमय वातावरणबाट हामी आर्थिक प्रतिवेदन पेस गर्दा वञ्चित भयौं। सम्माननीय राष्ट्रपतिज्यूले प्रस्तुत गरेको, प्रस्तुत गर्नुभएको जुन नेपाल सरकारका नीति कार्यक्रम थियो,त्यो पारित गर्दा र सम्माननीय राष्ट्रपतिलाई

बधाई दिंदा जुन प्रकारको सङ्गीतमय वातावरण यो हामीले पास गरेका थियौं। त्यस्तो चाहिँ हुन सकेन तर जे जे भएपनि ठिकै भएको थियो र हामीले अब यो बजेटलाई अलिक सन्नाटापूर्ण वातावरणमा सायद पास गर्छौं होला भन्ने मलाई लागेको छ। जे जे होला त्यो पनि फेरि ठिकै होला। यो सन्दर्भमा मलाई चाहिँ के भन्न मन लागेछ भन्दाखेरि विशेष गरेर बजेट करिब करिब हामी यो सदनबाट सदन पार गरेर अगाडि गइसकेको हुन्छ र कर्मचारीतन्त्रको हातमा त्यो बजेट पुगेको हुन्छ। त्यतिबेला हामी सांसदहरूले प्रतिनिधिसभा र राष्ट्रिय सभाका सदस्यहरूले सुन्छु भन्दा पनि सायद हामी पाउँदैन होला। हो त्यतिबेला यो बजेटलाई कार्यान्वयन गर्नुपर्ने चाहिँ हुन्छ र त्यतिबेला निश्चितरूपमा इमान्दारीको आवश्यकता पर्छ। इमान्दारीको आवश्यकता पर्छ, sincerity को what we need is sincerity हो, त्यो इमान्दारी कतै देखिँदैन। मलाई डर लाग्छ यो वर्षको बजेटको सन्दर्भमा पनि पहिला जस्तै इमान्दारी देखिएन भने यो बजेट पनि त्यसरी अलपत्र पर्ला, पुँजीगत खर्च त्यति हुँदैन होला, विकास निर्माणको काम हुँदैन होला । त्यसैले इमान्दारी चाहियो। यो इमान्दारी सबैतर्फ हामी राजनीतिकर्मीहरू त केही दिनका पाहुना हुन्। स्थायी सरकार, जो छ स्थायी सरकारले गर्नुपर्ने हुन्छ। विशेष गरेर यो इमान्दारी स्थायी सरकारमा देखिनुपर्ने हुन्छ भन्ने मलाई लाग्छ र म त्यो अपेक्षा गर्न चाहन्छु र जुन जुन निकाय, जुन जुन व्यक्तिहरू त्यसको लागि जिम्मेवार हुन्छ उहाँहरूको ध्यान यतातर्फ होस् भने सम्माननीय अध्यक्षज्यूमार्फत ध्यानाकर्षण गराउन चाहन्छु।

सम्माननीय अध्यक्ष महोदय, केही दिन अगाडि केही वर्ष अगाडिको सन्दर्भ उप्काउँदै केही कुरा चल्यो र प्रतिनिधिसभा विघटनलाई जस्टिफाई गर्ने कुराहरू पनि भए। हुन त हरेक कुराको सन्दर्भ हुन्छ, त्यसको औचित्य र उपादेयता पनि हुन्छ। त्यो घटना बितिसकेको छ तर यहाँ उठेको हुनाले मात्रै मैले केही कुरा राख्न चाहेँ। कुरा सुन्दा कस्तो लाग्यो भन्दाखेरि आफ्नो घरमा घरका सदस्यहरू झगडा गरे घरमूलीले अर्काको साझा घर भत्काइदियो। आफू समेत भएको साझा घर भत्काइदियो। आफ्नो घरमा झगडा भाको छ भने त आफ्नो घरको झगडा पो मिलाउने होला। त्यो झगडा मिलायो भने पो त्यो घर बाँच्ने होला आफूसमेत बस्ने साझा घर भत्काएर बितिसकेको अवस्था थियो। त्यो नकोट्याएको भए हुन्थ्यो भन्ने लाग्थ्यो तर त्योको त्यही हुनाले मैले पनि अलिकति राखे तर यतिबेला हामी सबै एउटा यात्रामा सहयात्री बनेर हिँडिरहेका छौं। नयाँ समीकरण बनाएर हामी हिँडिरहेका छौं । त्यसैले यी बितेका कुराहरू सायद कसैले पनि आदरणीय नेतागण र हामी जस्तो कार्यकर्ता कसैले पनि नकोट्याइदिए हुन्थ्यो भन्ने मलाई लाग्छ र यो यो यो कुरा राख्न चाहन्छु।

सम्माननीय अध्यक्ष महोदय, यतिबेला भ्याट बिलको बारेमा पनि एउटा कुरा राख्न चाहें मैले। भ्याट बिल बिक्री गर्दा विक्रेताले बिक्री गर्दा क्रेताले किन्दा लाग्ने एउटा कर हो अथवा एउटा कुरो हो त्यो भ्याट बिल हो त्यो भ्याट बिल। तर भर्खरै कास्की पोखरामा के भएको छ कास्कीको पोखरामा के भएछ भन्दाखेरि एकजना इन्सपेक्टरले, इन्सपेक्टर बोधराज रेग्मीले एउटा ढुङ्गा खानीबाट निकालेर ल्याएको ढुङ्गा आफ्नो डिपोमा राख्न भनेर लागेको ढुङ्गा त्यसलाई कारवाही गर्‍यो। खानीले ढुङ्गा उत्पादन गर्‍यो, आफ्नो पोखरा बाग्लुङको खानीलाई ढुङ्गा उत्पादन गर्‍यो। पोखराको आफ्नो डिपोमा ल्याएर राख्न चाह्यो। कहाँको भ्याट बिल चाहिन्छ त्यसमा बेचेकै होइन, किनेकै होइन। कहाँको भ्याट बिल? तथापि त्यस ठाउँको इन्सपेक्टर बोधराज रेग्मीले भ्याट बिल छैन भनेर कारवाही गर्‍यो। महानगरपालिकामा लग्यो र मैले एसपी मोहन थापालाई भने यसमा भ्याट बिल लाग्दैन। किनकि किनेकै, बेचेकै होइन। किन तपाईंहरू चाहि भ्याट बिल खोज्नु हुनुहुन्छ भन्दै पनि वडा कार्यालयबाट इन्सपेक्टर बोधराज रेग्मीले महानगरपालिकामा पठायो र महानगरपालिकाले १२,०००, त्यो खानीलाई, त्यो company लाई दण्डित गर्‍यो। यो हुँदै नहुने चिजमा दण्डित गरेको हुनाले कास्की पोखराको त्यो वडा प्रहरी कार्यालयको इन्सपेक्टर बोधराज रेग्मी र उसलाई सघाउने एसपी मोहन थापालाई कारबाही गरियोस् भन्ने कुरा म राख्न चाहन्छु। उनीहरूको हुनसक्छ, तिनीहरूलाई ज्ञान थिएन होला। त्यसो हो भने उनीहरूको अज्ञानताको कारणले कुनै कम्पनी दण्डित हुने यो ठिक भएन। फेरि खानी भनेको, ढुङ्गा भनेको उद्योग धन्दा हो। उद्योगधन्दा कलकारखाना देशमा हुनुपर्छ, राज्यमा हुनुपर्छ। त्यो भयो भने मात्रै देशले विकास गर्छ, देशमा समृद्धि आउँछ। कृषिकोले मात्रै हुँदैन, खैर त्यो कुरा बेग्लै भयो। त्यसैले यो कुरामा उनीहरू अज्ञान थियो भने त्यो ज्ञान राख्नु पर्थ्यो उनीहरूले। होइन भने नहुने कुरामा, नहुने कुरा उछालेर जुन प्रकारले दण्डित गरे त्यो चाहिँ गलत भएको छ र म ती सम्बन्धित व्यक्तिहरूलाई मैले फेरि पनि नाम उच्चारण गर्न चाहें कास्कीको एउटा वडाको इन्सपेक्टर बोधराज रेग्मी र उसलाई सघाउने एसपी मोहन थापालाई कारवाही गरियोस्। कमसेकम उनीहरूलाई स्पष्टीकरण लिइयोस् किनकि उनीहरूले उद्योग धन्दा सञ्चालनमा बाधा व्यवधान ल्याएका छन्, उनीहरूले उद्योगधन्दा सञ्चालन गर्ने कार्यलाई हतोत्साहित गरेको छन्। अझै मलाई त के लाग्छ भन्ना पैसा खान नपाएको हुनाले यो कुकार्य गरेको होला। त्यसो भयो भने झन् जघन्य अपराधै भइहाल्यो। यदि उनीहरूले यो थाहा थिएन भने एउटा खानीको उत्पादन आफ्नो डिपोमा लैजाँदा भ्याट विल काट्नु पर्दैन भन्ने ज्ञान थिएन भने त्योसबन्धी छानविन हुनसक्छ। हैन, पैसा नदिएको कारणले त्यसो गरेको हो भने त्यो चाहिँ ठुलो अपराध हो। त्यसलाई कारवाही गर्नुपर्छ भन्ने कुरा म राख्न चाहन्छु। यो बारेमा हुन त एसपी त के डिआइजी पनि थाहा

रहेनछ, गण्डकी प्रदेशको DIG लाई पनि थाहा रहेनछ, महानगरपालिकाको मेयरलाई पनि थाहा रहेनछ। भ्याट बिल त चाहिन्छ नि माननीयज्यू भन्दै हुनुहुन्थ्यो, भ्याट बिल चाहिँदैन। किन्दा, बेच्दा त्यतिबेला हो भ्याट बिल चाहिने। तर आफ्नो उत्पादकले आफ्नो डिपोमा, show room मा लैजादाँखेरि चाहिँदैन। यी नै कुरा राख्दै मेरो भनाइलाई यहीँ अन्त्य गर्न चाहन्छु। धन्यवाद,अभिवादन।

**सम्माननीय अध्यक्ष** :-माननीय सदस्य आनन्दप्रसाद ढुङ्गाना। समय १४ मिनेट। यसपछि माननीय सदस्य तुलसा कुमारी दाहाल।

(१३:२७ बजे)**माननीय श्री आनन्द प्रसाद ढुङ्गाना (नेपाली काँग्रेस)**:-आदरणीय अध्यक्ष महोदय, आज म विशेष समयमा केही कुराहरू राख्न चाहन्छु, खासगरी म एक हप्तासम्म सदनमा अनुपस्थित थिए र जुन कुराहरू म अनुपस्थित हुँदा मैले देखे त्यही कुराको बारेमा राख्ने अनुमति चाहन्छु। यो संघीयताको बारेमा धेरै नै तपाईंको अवस्थाहरू देख्दा कस्तो गाह्रो भो भने देशमा संघीयतालाई बलियो बनाउनका लागि हामीले संघीय लोकतान्त्रिक गणतन्त्र संविधान लामो समयसम्म सङ्घर्ष गरेर हामीले देशमा ल्यायौं। तर तर आज आउँदै गर्दा हामीले के देख्यौ भने हाम्रो संविधानले दिएको अधिकार त्यसलाई पनि हामीले व्यवस्थित गर्न सकेका छैनौं । त्यतिमात्र होइन संघीयताका लागि जुन जुन सातवटा प्रदेश हामीले गठन गरेका छौं। त्यो प्रदेशहरूमा पनि तपाईंको जुन किसिमबाट चाहिँ सरकार गिर्ने, बन्ने परिस्थिति बनेको छ। अहिलेसम्म विभिन्न प्रदेशका चाहिँनि गएर मुख्यमन्त्रीज्यूहरूले आफ्नो नीति तथा कार्यक्रम बजेटका कुराहरू त गर्न छोडौं खाली विश्वासको मत लिने यस्ता कुराहरूमा अघि सरेको मैले देखेको छु। आज सुदूरपश्चिमको हाल त्यस्तै छ। गण्डकीको हाल त्यस्तै छ। पूर्वको चाहिँ कोशीको हाल त्यस्तै छ। भर्खरै चाहिँनि गएर मधेस प्रदेशको चाहिँ मुख्यमन्त्री बन्नु भएको छ। त्यसले के देखिन्छ भने जुन संघीय लोकतान्त्रिक गणतन्त्रका लागि लामो समयसम्म सङ्घर्षले देशमा नेपाली जनताले त्यसपछि हामी सजग भएनौं कि जस्तो लाग्छ, त्यसप्रति हामी सचेत छैनौं कि जस्तो लाग्छ।

सँगै म केही कुरा यहाँ राख्न चाहन्छु। मैले के देखेको छु भने संविधानको भाग चाहिँ नि गएर ५ मा राज्यको संरचना र राज्य शक्तिको बाँटफाँटको कुराहरू हामीले छुट्याएको छौं। त्यसबाट प्रष्ट के हुन्छ भने राज्यको बाँटफाँट, राज्यको संरचना र राज्य शक्तिको बाँटफाँट हामीले चाहिँ विभिन्न चरणमा छुट्याएर, हरेक कुरालाई छुट्याएर हरेक कुरालाई संघले के अधिकार पाउने,

प्रदेशले के अधिकार पाउने, स्थानीयले के अधिकार पाउने सबै कुरा लेखिएको छ तर त्यसका लागि बन्नुपर्ने ऐनहरू अहिलेसम्म बनेको छैन। हाम्रै यही चाहिँ सदनबाट माननीयज्यूहरू जानु भो, हरेक प्रदेशमा चाहिँ गएर उहाँहरूले छलफल गर्नु भो, छलफल गर्दै गर्दा त्यो के देखियो भने संघले कमसेकम प्रदेशलाई अर्थात संघीयतालाई बलियो पार्ने, हुने ४० ओटा ऐन बन्नु पर्ने बाँकी छ। तर ४० ओटा ऐन बन्ने भन्ने अवस्थामा आज हामी के देखिराहेका छौं भनेदेखि संघीय निजामती कर्मचारी ऐन, प्रदेश प्रहरी ऐन खोइ त? हो सदनमा हामीले पेस गरेका छौं। तर हामीले चाहिँ त्यसका लागि सचेत छौं? हामीले फास्टट्र्याकमा गर्न सक्दैनौं भन्ने कुरा त होइन नि । मैले देखेको छु धेरै पहिले जब अख्तियारको चाहिनि गरेर ऐन बनाउन थाल्यौं, त्यो बेलामा फास्ट ट्र्याकमा, फास्ट ट्र्याकमा हामीले १५ दिनभित्र अख्तियारलाई अधिकार यति चाहिँ बलियो बनायौं जसले गर्दाखेरि अख्तियारको चाहिँ ऐन पास गर्‍यो त्यसलाई चाहिँ जेल जाने परिस्थिति आयो।

त्यसैले हामी अहिले के देखिरहेका छौं भने अहिले समाज तपाईंको चाहिँ नि गरेर जुन संघीयताले चाहेको छ, जुन संघीयतालाई हुनुपर्ने हो त्यो कुराहरू भैरहेका छैनन्। अहिले मधेस प्रदेशमा पनि सरकार कब बस्छ सदन भनेदेखि जब विश्वासको मत लिनुपर्छ, विश्वासको मत लिइसकेपछि सदन बन्द। यसको मतलब जनमतको काम छैन, जनतालाई केही नि गर्नुपर्दैन? जनताका आवश्यकतालाई परिपूर्ति गर्नुपर्दैन? विकासका कामहरू गर्नुपर्दैन? हामी कहाँ उजुरी गर्न आउँछन्। विकासका कार्यक्रममा अख्तियारी लिएका मानिसहरूले साथसाथै उपभोक्ताका साथीहरूले हेर्नुस्, अख्तियार त दिएको छ। फछ्र्यौट गरिरहेको छैन। फछ्र्यौट किन हुँदैन मैले भने अख्तियारी तपाईंलाई दियो, तपाईंले चाहिँ सम्बन्धित सबै काम गर्नुभयो। इन्जिनियर आएर तपाईंलाई सबै देखरेख पनि गरे। इन्जिनियरले estimate पनि बनायो। अनि त्यो चाहिँ गरेर सरकारको सम्बन्धित ठाउँमा दिने गर्दा तपाईंको भुक्तानी किन नहुने? के कारणले नहुने? कसले रोकेको छ? यी सब कुराहरू मैले त्रुटि देखेको छु।

त्यसैले म के भन्न चाहन्छु भने अध्यक्ष महोदय, अहिलेको परिस्थितिमा हामीले सबै काम छोडेर साँच्चै नै यो संविधानलाई बलियो बनाउने हो, साँच्चै नै संघीयतालाई बलियो बनाउने हो। साँच्ची नै तपाईंको यो देशमा हामीले सङ्घर्ष गरेका हौं भने हामीले सोझो भाषामा सबै कुरालाई रोकेर संघीयतालाई बलियो बनाउने, संघलाई बलियो बनाउने, ऐन कानुनहरू जहाँ जहाँ रुकेका छन्। त्यसलाई चाहिँनि गरेर निर्णय दिन सक्नु पर्‍यो। त्यसलाई चाहिँनि गरेर निर्णय दिन सक्नु पर्‍यो। अब अहिलेसम्म हामीले चार ओटा ऐन मात्र पास गरेका छौं। भन्नुस् त तपाईंको चाहि दुई पल्ट यो

देशमा निर्वाचन चाहिँ भइसक्यो। आठ, नौ वर्ष भइसक्यो संविधान जारी भएको, आठ, नौ वर्ष संविधान जारी भएको अवस्थामा अहिलेसम्म तपाईंको चाहिँ नि गएर प्रदेशको हालत हेर्नुस्। एक जना खोजी खोजी गरेर chief minister ले आफ्नो बहुमत पुऱ्याउने काम गरिरहेको छ। एक जनालाई मन्त्री बनाइदिएँ, त्यसको आधारमा उसले विश्वासको मत दिए। यसको अर्थ के हो भने हिजो जुन संविधान हामीसँग थियो त्यो संविधानमा हामीले देखेका थियौं। यस्तै त्रुटिहरूका कारणबाट देश स्थिर रहेन, संसद स्थिर भएन, देशमा प्रगति भएन, भ्रष्टाचार बढिरह्यो । त्यसैकारण हामीले धेरै चाहिँनि गरेर यसलाई चाहि बदलाब ल्याएका छौं। यसमा चाहिँ अधिकार सुरक्षित गरेका छौं। अहिले माननीयज्यूहरूले भनिहाल्नु भो, हिजो हाम्रो संविधानमा संसद भङ्ग गर्ने अधिकार छ? हामीले हिजो हिजोको संसद विभिन्न समयमा चल्ने प्रधानमन्त्रीले जुन बेल मन लाग्यो त्यो बेला भङ्ग गरिदिने, जुन बेला मन लाग्यो त्यो बेला संसदलाई चलाइदिने। जुन बेला मन लाग्यो जे गर्ने त्यही गर्ने लेखेको छौं ? अहिलेको संसदमा जबसम्म एकजनाले पनि उभिएर भन्छ कि म सरकार बनाउन सक्छु तबसम्म त्यसलाई अधिकार दिनुपर्छ। यदि त्यो अधिकार दिनेको नाउँ, यदि एक पटक अविश्वासको प्रस्ताव लगाएको छ भने दुई वर्ष लगाउन पाईंदैन। हामीले संविधानमा लेखेका छौं। किन लेख्यौं? के हामी पागल थियौं लेख्ने बेलामा।

त्यसले म अध्यक्ष महोदय, म के भन्न चाहन्छु भने जुन कुरा प्रति प्रतिबद्ध छौं हामी। जुन कुराको लागि हामीले सङ्घर्ष गऱ्यौं। जुन कुराको लागि यो देशमा हजारौं नेपाली जनताले बलिदान दिए। त्यो कुरालाई चाहिँ हामीले मनन गरौं। यो सबै कुरालाई मलाई चाहिँ देखेर आश्चर्य लागिरहेको छ। अहिले पनि हामी चाहिँ सुध्रने कुरामा छैनौं। भन्न त भन्दियौं बाजा बजायौं भनेर, बजा किन बजायौं, बाजा किन बजाउनु पऱ्यो। त्यो कुरा पनि त मनन गर्नु पर्यो हामी राजनीतिकरूपमा। हामी यो देशमा जनतालाई ..... दिन्छौं। हामीले यो देशलाई सुशासन दिन्छौं। हामी यो देशको चाहिनि गएर अब हिजोको अवस्था हुँदैन। अब हामीलाई माफी गर्नुस्। माफी मागेर हामी २०६२/६३ को आन्दोलन गरेका हैनौं।

त्यसैले म अध्यक्ष महोदय मार्फत सरकारलाई आग्रह गर्न चाहन्छु। यो सदनले, सदनका चाहिँ माननीयज्यूले जसरी चाहि हरेक प्रदेशमा गएर ४० ओटा ऐन चाहिँ संघले ऐन बनाइदिनु पर्छ, अनि मात्र संघीयता बलियो हुन्छ भन्ने कुरा जुन लेखेर प्रतिवेदन दिएको छ। त्यसलाई चाहिँ तुरुन्त सरकारले बलियो बनाओस् भन्ने म चाहन्छु। तपाईंको चाहिँ राज्यको पुनःसंरचना र राज्य शक्तिको बाँटफाँटमा चाहिँ छपन्न, सन्ताउन, अन्ठाउन, उनान्साठी यी सबैमा छुटयाएको छ। सबै यो संविधान

बनाउने बेलामा सबै कुरामा छलफल गरेर सबै कुरा छुट्याएर हामीले यस्तो गरेका थियौं। तर हामी आज त्यसप्रति सजग छौं? त्यस्तो मलाई लाग्दैन। म देखिरहेका छु जसले यो देशको संविधान मान्दैन, त्यो मान्छेहरू कुनै कर्मचारीलाई तपाईं खटाइदिनुस् नगरपालिकाहरूमा, नगरपालिकाको कार्यकारी अध्यक्ष बस्नको लागि तयार छैन। बस्यो भने पनि मेयरको कुरा मान्न तयार छैन, बस्यो भने मेयर, उप-मेयरमा झगडा लगाइ दिन्छ। अनि के छ भने विकासको कामहरू भइराख्या छैन। यसलाई कसले सल्टाउने, यसलाई कसले चाहिँ manageable गर्ने, regulate कसले गर्ने? हामी चाहिँ राष्ट्रिय सभामा प्रतिनिधित्व गर्ने व्यक्तिहरू स्थानीय र प्रदेशको प्रतिनिधित्व गरिराख्या छौं। स्थानीय र प्रदेशको चाहि कुनै किसिमको विग्रह हुन्छ, कुनै किसिमको चाहि काम हुँदैन। कुनै पनि किसिमको जनतालाई delivery पाईंदैन भनेदेखि हामी जिम्मेवार हुने कि नहुने? हामीले जिम्मेवारी वुझ्ने कि न बुझ्ने?

त्यसैले अध्यक्ष महोदय, म के भन्न चाहन्छु भने हामी जिम्मेवार भएनौं, म अध्यक्ष महोदय, मार्फत सरकारको ध्यानाकार्षण गराउँछौं। हामीले बजा बजाउनको लागि तापाईंको चाहिँ रोकेका छैनौं। हामीले सहि कुरा सुशासनको कुरा गर्ने मान्छेहरू, जसले सुशासनको ..... घन्टी बजाएर यो देशमा चाहिँ जितेर आए, त्यही ब्यक्तिहरू चाहिँ सुशासनको विरुद्धमा काम गरिरहेको छन् भनेर हामीले भन्न खोजेका थियौं। फेरि हामी के भन्न खोजेका थियौं। यो परिस्थितिमा अनुसूचिमा जुन कुरा लेखेका छ, त्यस तर्फ किन सरकार सचेत भएको छैन? किन संघसँग कुरा गरेन? संघको अधिकार यति हो। प्रदेशको अधिकार यति हो। स्थानीयको अधिकार यति हो, संयुक्त अधिकार तपाईंको अधिकार यो-यो हो। त्यसका बारेमा सरकारले बोलाएर एउटा, ..... तपाईंको समन्वय समिति छ। प्रधानमन्त्रीले बोलाएर त्यो समन्वय समितिको बैठकहरू, किन बैठक गर्नुभएन यो देशमा? कति पल्ट मुख्य मन्त्रीहरूले बोलेर आफ्ना कुराहरू राखेका छन्। मुख्यमन्त्री आउँछन्, हिजो राणाको जमानामा जय जय सरकार भनेर दुहाइ गरेको जस्तो प्रधानमन्त्रीलाई दुहाइ गर्छन्। तर केही पनि काम भइराख्या छैन। एक चोटी मलाई याद छ, जब चाहिँ पोखरामा chief minister हरूको बैठक बस्यो तब प्रधानमन्त्री रिसाइहाल्नु भो। बोलाएको बैठक cancel गरिदिनु भो। यही हो? यही हो प्रजातन्त्रमा?, यही हो लोकतन्त्रमा? लोकतन्त्रमा कसैक्को विरोध गर्न पाइँदैन र? हामी यस्तो प्रजातन्त्र, लोकतन्त्र खोजेका थियौं। त्यसैका लागि बलिदान दिएका हाम्रा अग्रजहरूले।

त्यसैले अध्यक्ष महोदय, यी सब कुरामा हामी सचेत हौं । हामीले चाह्यौं भने यो देशको उच्चस्तरीय संसद भनेको त्यसले चाह्यो भने यो देशको परिवर्तनलाई मूर्तरूप दिन सक्छ। आज

हामी मूर्तरूप दिने अवस्थामा छैनौं, देखिदैनौं। यो अपराध हामीले भोलीको दिनमा बोक्नै पर्ला नि। त्यसैले म आज अध्यक्षज्यूमार्फत के भन्न चाहन्छु भने जुन कुराहरू अहिले मैले प्रदेशमा गएर देखें, मैले सुनें, मैले बुझें विश्वासको मत दिने मन्त्री बन्दिनँ भन्ने। के हो तरिका? किन न बन्ने, तपाईंले विश्वासको मत दिएर बनाउनु भाछ। बनाउनुस्, चलाउनुस् हामीले कहाँ रोकेका छौं। तर त्यसलाई चाहिँ Hurdle गरेर, त्यसलाई रोकेर, तपाईंको हलो अड्काउने अनि गोरु चुट्ने भन्ने जस्तो कुरा गर्न भएन हैन नि। हामीले त्यही देखेका छौं।

त्यसैले अध्यक्ष महोदय, यी सबै कुरामा चाहि हामी चाहिँ सदनमा चाहिँ आफ्नो कुराहरू राख्दै म सचेत गर्न चाहन्छु।त्यति मात्र होइन कर्मचारीहरू पनि के गरिराख्या छ भनेदेखिन् म जान्नँ फलाना ठाउँमा। किन जान्नँ ? देशभन्दा बहिर भन्या छ र नजानलाई। हामीले कर्णालीमा जाने कि न जाने, हामीले हुम्ला जाने कि न जाने? हामी चाहिँ तापलेजुङ्ग जाने कि न जाने? हामी पाँचथर जाने कि नजाने? सुविधाको ठाउँमा चाहनुहुन्छ भने नोकरी न गर्नुस्। तर नोकरी गर्नु हुन्छ भने नेपाल सरकारले खटाएको ठाउँमा जानै पर्छ।हो जहाँसम्म रह्यो उहाँहरूलाई वृत्ति विकासको कुराहरू, त्यो चाहिँ हामीले ऐन बनाएर गरिदिनुपर्छ। गरेनौं भने त्यो चाहिँ कमी कमजोरी होला? हामीले पनि सरकारी कर्मचारी देखेका छौं, हामी पनि कर्मचारीहरूसँग संगत गरेका छौं, हामी पनि बुझेका छौं। तपाईंको संसारमा कहीं पनि केन्द्रीय सचिवालयमा जुलुस निकाल्ने कर्मचारीहरूले, केन्द्रीय सचिवालयमा। मलाई बताइदिनुस् कुन देशमा चाहिँ केन्द्रीय सचिवालयमा जुलुस निकाल्ने तर हाम्रो देशमा यस्तो अपवाद कुरा भयो कि सिंहदरवार भित्र चाहिँ कर्मचारीले जुलुस निकाल्यो। सिंहदरवारभित्र तपाईंको चाहिँ मन्त्रालयमा धर्ना बसे। यो ठिक हो। यही हो अनुशासन, यसरी देश चल्छ। यसैगरी देश चलाउन खोजेको हामीले। हामी नेताहरूले जे मन लाग्यो त्यो गर्न पाउँछौं? पाउँदैनौं। हामीले पनि जे मन लाग्छ त्यो बोल्ने अधिकार छैन। हामीले पनि समाज र जनताको कुरालाई बुझेर बिचार गरेर कुरालाई बिचार गरेर कसरी हुन्छ त्यो हामीले सोच्नु पर्छ।

त्यसैले म अध्यक्ष महोदय, आज यो सदनमा संघीयताको बारेमा बडो चिन्तित भएर साँच्चै नै जुन शक्तिहरू आज यो देशमा संघीयताको आवश्यकता छैन, जुन शक्तिहरू अब चाहिँ राजा फर्काउनु पर्छ भनेर भनिरहेको छन्। त्यो शक्तिहरूलाई बल पुग्ने भयो। त्यो बेलामा तपाईं हामी एकठाउँ उभिएर यो देश र संघीयतालाई बलियो, यो देशको संघीय लोकतान्त्रिक गणतन्त्रको संविधानलाई बलियो बनाउने कि नबनाउने? त्यसैले म अध्यक्ष महोदयमार्फत यो सदनमा यो कुरा राख्दै अन्त्यमा म के भन्न चाहन्छु भने हामी सजग होऔं, हामी सचेत होऔं, हामी चाहिँ संवेदनशील होऔं । यो

देशको व्यवस्थापन, यो देशको संघीय लोकतान्त्रिक गणतन्त्रलाई जिन्दा राख्ने, यो संघीय गणतन्त्रको लागि बलिदान दिएको हाम्रा सहिदहरूलाई सम्झौं र त्यसलाई हामी चाहिँ स~चालन गरौं भन्ने कुरा राख्दै आफ्नो कुरा यहीं टुङ्ग्याउँछु। धन्यवाद, जय नेपाल।

**सम्माननीय अध्यक्ष** :-माननीय सदस्य तुलसा कुमारी दाहाल । समय ८ मिनेट। यसपछि माननीय सदस्य गोमादेवी तिमिल्सिना ।

(१३:४१ बजे)**माननीय श्री तुलसा कुमारी दहाल (नेपाल कम्युनिष्ट पार्टी, एमाले)**:-सम्माननीय अध्यक्ष महोदय, आजको यो विशेष समयमा म यो जलवायु परिवर्तनले हाम्रो देशमा पारेको असरको बारेमा आफ्ना केही धारणाहरू राख्न चाहन्छु। नेपाली जनताले नगरेको गल्तीको सजाय भोग्नु परिरहेको छ। अत्यधिक गर्मीको पीडा गर्मीको मौसममा अत्यधिक चिसोको पीडा चिसोको मौसममा भोग्नु परेको छ। यसले समग्र मानव जीवन, जीवजन्तु, पशु चौपाया, जलचर, स्थलचरमा नकारात्मक असर पारिरहेको छ। अन्तर्राष्ट्रिय क्षेत्रका उद्योगधन्दा, कल कारखानाले प्रयोग गरेका कोइला, गिट्टी, डिजेल, पेट्रोल, खनिजजन्य पदार्थहरूले उत्सर्जन गरेको प्रदूषण आज आकाशमा फैलिएको छ। जसले ओजन तहलाई पातलो बनाएको छ र पृथ्वी तात्दै गइरहेको छ। तराई मधेसमा ४० देखि ४४ डिग्रीको तापक्रम बढेको छ। विज्ञहरूले अझै बढ्न सक्ने सम्भावना व्यक्त गरिरहेका छन्। विश्व जलवायुमा आएको परिवर्तनले हाम्रा देशका विभिन्न स्थानमा सुक्खा खडेरी पर्ने, आँधि आउने, अतिवृष्टि हुने, अनावृष्टि हुने, पहिरो जाने, खण्डवृष्टि हुने, पानीका मुहानहरू सुक्ने, इनार, कुवा, ट्युबवेल, नदीनाला जमिनको तहहरूमा पानी घट्दै जाने समस्या देखिएको छ। र गर्मीको कारणले मानिसहरूलाई लुको सम्भावना पनि बढिरहेको छ। अत्यधिक गर्मीले ज्येष्ठ नागरिक, बालबालिका, दीर्घरोगीको जीवन अझ कष्टकर बन्दैछ। छाला, आँखा र श्वासप्रश्वासका रोगहरू बढिरहेको छ। कृषि पशुपालन र श्रमिकहरू जो सडकमा निस्किनुपर्छ, बाहिर काम गर्नुपर्छ, उहाँहरूको जीवन अझ अस्तव्यस्त बनिरहेको छ। विद्यालय बन्द गर्नुपर्ने, पेसा व्यवसायहरू बन्द गर्नुपर्ने, गर्मीमा चिसो गराउने र जाडोमा तातो बनाउने प्रविधिहरू सबैको नहुन सक्छ। सबैको पहुँच छैन र कति देशका कतिपय ठाउँमा विद्युत पनि उपलब्ध छैन। वनजङ्गलको अनावश्यक विनाश भइरहेको छ आगजनी नदी दोहन चोरीनिकासी विपतको निम्तो मानिस आफैं पनि दिँदैछ। यसतर्फ ध्यान जान आवश्यक छ।प्राकृतिक विपत्तिले निम्त्याएको निम्तोलाई निरूपण गर्न आवश्यक छ।

नदीको संरक्षण, बोटबिरुवा लगाउने, संरक्षण गर्ने, जलको पुनर्भरण गर्ने जस्ता विषय बहसमा सीमित हुनु हुँदैन। व्यवहारमा कार्यान्वयन गर्न आवश्यक छ। यसतर्फ सोच्नको निम्ति म नेपाल सरकारलाई आग्रह गर्न चाहन्छु। गरिबीको कारण जस्तो रोग लागे पनि ३० प्रतिशत जनता अस्पताल जान सक्दैनन्।गइहाल्यो भने उपचार नगरीकन फर्किन्छन्, निःशुल्क उपचार नाम मात्रको छ। बीमाको उपचारमा सबैको पहुँच छैन। यसतर्फ सरकारको ध्यान जान आवश्यक छ। नेपाल सरकारले जलवायु परिवर्तनले हाम्रो देशमा पारेको नकारात्मक प्रभावलाई कमी गर्नको लागि राष्ट्रपति जलवायु परिवर्तन कार्यक्रम भनेर अघि सारिएको छ। कूटनीतिक अन्तर्राष्ट्रिय क्षेत्रमा गर्नुपर्ने कूटनीतिक पहलको कुरा के भइरहेको छ हामी कसरी यो मौसम अनुकूलता गराउने प्रयास गर्छौं। म नेपाल सरकारलाई प्रश्न गर्न चाहन्छु। सन् २०३० सम्म दिगो विकासका लक्ष्यहरू हासिल गर्न कसरी जलवायु परिवर्तनबाट भएका असरलाई न्यूनीकरण गर्न अनुकूलताको लागि गर्नुपर्ने कार्यहरू हरित ऊर्जाको उपयोग गर्ने वनजङ्गलको संरक्षण गर्ने, पानीको पुनर्भरण गर्ने, पर्यावरण मैत्री वातावरणको लागि पहल गर्ने योजनाको कार्यान्वयनमा के भइरहेको छ। बङ्गलादेशबाट उँडेका गाउँका टुँडाहरू हाम्रो देशसम्म आइपुगेका छन्। हामी कहाँ डढेलोको नियन्त्रण गर्ने प्रविधि नहुँदा यो तीन वर्षमा ७२८ जनाले जीवन गुमाउनु पर्यो र ठुलो मानवीय र भौतिक क्षति हुन गयो, जलवायु परिवर्तन नेपालमा परेको प्रभाव विषयलाई लिएर अन्तर्राष्ट्रिय क्षेत्रमा गरिएको कूटनीतिक पहल क्षतिपूर्तिको तथ्य तथ्याङ्कसहितका विषयवस्तुहरू राख्न ढिलो गर्नु हुँदैन।आफ्नो देशभित्र जलवायु परिवर्तनको लागि असार नियन्त्रण गर्नको लागि जनस्तरमा सचेतना, विद्युतमा सहुलियत पानीको व्यवस्था, बोटबिरुवा रोप्नको लागि स्थानीय तह खासगरी ग्रामीण तहबाटै प्रोत्साहनको नीति सरकारले ल्याउनुपर्छ।

सम्माननीय अध्यक्ष महोदय, विपद् व्यवस्थापन जोखिम न्यूनीकरणको लागि बाढी पहिरो जान सक्ने स्थानहरूमा मानव बस्तीहरू जोगाउन समयमै ध्यान दिन आवश्यक छ।विपद् व्यवस्थापन जलवायु अनुकूलका लागि कार्यक्रमहरू एकीकृतरूपमा सञ्चालन गर्नुपर्ने हुन्छ। छलफल, अन्तरक्रिया, गोष्ठी गर्ने भनिएको होला यो कार्यक्रममा पनि आएको छ, बजेटमा पनि देखिएको छ।गोष्ठी अन्तरक्रिया कार्यक्रममा मात्रै सीमित गर्नुभएन। उल्लेखित कार्यक्रमको साथसाथै समस्यालाई समाधान गर्ने गरी सोच्न आवश्यक छ। हिमालमा हिम श्रृङ्खलाहरू, हिउँहरू पग्लिदै छ। हिम तालहरू बन्दैछन्। र जसले गर्दा वातावरण असन्तुलन भई जनजीवनमा नकारात्मक असर परिरहेको छ। पर्यटन क्षेत्रमा गम्भीर असर परेको छ। हिमाल जोगाउँ, मानवता बचाउँ भन्ने

अभियान अन्तर्राष्ट्रिय मञ्चमा संवाद गर्दै गर्ने भनिएको छ, अघि सारिएको छ, यो राम्रो विषय हो। तर सरकारले अरुसँग पनि सहकार्य र समन्वय गर्नुपर्यो। भौतिक पूर्वाधार निर्माण गर्दा जलवायु अनुकूल हुने गरी गर्नुपर्छ, व्यवहारमा सुरक्षित नागरिक आवास, जनता आवास कार्यक्रम अन्तर्गत गरिब, विपन्न तथा सिमान्तकृत समुदायका जनताको लागि फुस, पराल र खरका छानालाई विस्थापन गरी जस्ताको छाना हाल्ने कुरो गरिएको छ। सायद यो हिमाल र पहाडको लागि ठिकै पनि होला जस्ताको छाना। तर तराई र मधेशको लागि उपयुक्त छैन। मौसम अनुकूल छैन। मौसम अनुकूल हुने गरी व्यवस्था गर्नको निम्ति म नेपाल सरकारलाई आग्रह गर्न चाहन्छु। जलवायु परिवर्तनको गम्भीर असर परेको स्थान समुदाय भूगोलको अध्ययन गर्न आवश्यक छ। अनुसन्धान गर्न आवश्यक छ। कुन क्षेत्र, कुन भूगोल, कुन जाति समुदायका मान्छेहरू पनि प्रभावित भइरहेका छन् भन्नेतर्फ सरकारले अध्ययन गर्नको निम्ति म आग्रह गर्न चाहन्छु।

डिजेल र पेट्रोलको प्रयोग हटाई विद्युतीय यातायात साधनलाई प्रोत्साहन गर्नुपर्ने हो तर यस वर्ष त्यसो गरिएन । हामीले विद्युतीय साधनमै करको दायरा बढाएका छौं। प्रतिकुल मौसममा लगाउन सक्ने बालीहरूको पहिचान गर्नुपर्यो। समुदायमा जलवायु परिवर्तनको समस्यालाई जुध्नको निम्ति चेतना र मनस्थितिको पनि विकास गर्नुपर्ने हुन्छ। यो विषयमा अन्य मुलुकहरूले कस्ता नीतिहरू ल्याएका छन्, कस्ता कार्यक्रमहरू ल्याएका छन् र उनीहरूले ल्याउनुभएको नीति र कार्यक्रम हाम्रो देशको लागि पनि उपयुक्त हुन सक्छ कि, यो विषयको लागि सरकारले अनुकूल हुने गरी ती ठाउँहरूको अध्ययन अनुसन्धान गरेर यदि हाम्रो देशको लागि उपयुक्त हुन्छ भने त्यो तर्फ पनि सोच्नुपर्ने हुन्छ र जलवायु परिवर्तनको असरलाई कम गर्नको निम्ति एउटा कदम चाल्नुपर्छ भने अर्को जनसमुदायलाई सचेत गराएर अनुकूल बनाउनको निम्ति नेपाल सरकारले प्रयत्न र पहल गर्नुपर्छ। आर्थिकरूपमा अहिले एकद्वार प्रणाली सरकारले जुन राखेको छ यो एकवद्वार प्रणालीलाई हामीले अलिकति खुल्ला गर्नुपर्छ होला। यदि हाम्रो देशले जुन नगरेको गल्तीको सजाय जुन भोगिरहेको छ यो क्षतिपूर्तिको लागि हामीले कुटनीतिक पहल गर्दै हामीले अन्तर्राष्ट्रिय क्षेत्रमा चाहिँ यो आवाज बहस र अन्तरार्ष्ट्रिय मञ्चहरूमा प्रयोग गर्दै अनुकूल वातावरणको लागि पहलकदमी लिनुपर्छ। हाम्रो देश फरक-फरक मौसमी अवस्था छ त्यो मौसमी अवस्थाको अध्ययन गरेर कुन ठाउँको लागि अति आवश्यक हुन्छ, कुन ठाउँको लागि हामीले कुन बाली लगाउँदा ठिक हुन्छ, माटोको स्थिति हेरेर, समुदायको अवस्था हेरेर, अध्ययन र अनुसन्धान गर्नको निम्ति म नेपाल सरकारलाई हार्दिक आग्रह गर्न चाहन्छु । हवस्, धन्यवाद।

**सम्माननीय अध्यक्ष** :-माननीय सदस्य गोमादेवी तिमिल्सीना समय १२ मिनेट। यसपछि माननीय सदस्य राधेश्याम पासवान ।

(१३:४९ बजे)**माननीय श्री गोमादेवी तिमिल्सीना (नेपाल कम्युनिष्ट पार्टी, एकीकृत समाजवादी)**:-सम्माननीय अध्यक्षज्यू, अस्ति यही जेठ १८ र १९ गते देशभरि नै आएको हावाहुरीले धेरै जनधनको देखि लगाएका किसानहरूले लगाएका खेतीहरू पनि नोक्सान भएको छ। अस्ति मैले दुईटा जिल्लाको मात्रै कुरा उठाएँ, त्यसले धेरै किसानहरूले फोन गरेर हाम्रो पनि धेरै क्षति भएको छ। हाम्रो बारेमा नि कुरा उठोस् र हामीले केही राहत पाउने वातावरण बनाइयोस् भन्ने धेरै ठाउँबाट फोन पनि आयो र म त्यस बारेमा गम्भीर पनि भएँ। यस बारेमा सरकारले किसानहरूलाई के कति राहत कसरी दिने सोचेको छ, यसबारेमा म अध्यक्षज्यूमार्फत मन्त्रीज्यूलाई ध्यान आकर्षण गराउन चाहन्छु। अब हामी पटकै पिच्छे युवा स्वरोजगारका कुरा गर्छौं। युवाहरू विदेश गए अनि दुई तीन हजार एकै दिन गए भनेर हामी नेताहरू नै भनेका भन्यै गर्छौं। अनि हामी नेताहरूले नै आफ्ना छोराछोरी विदेशमा जानलाई एयरपोर्टमा विदाइको माला त्यति मात्रै भएन, अझ नेपाली झन्डा समेत ओढाएर यो नेपालको खिल्ली उडाउने काम हामी नेताहरूबाट पनि कतिपयले गर्नुभएको छ। यसमा मलाई दुःख लाग्छ। नेपालको झन्डा ओढाई, ओढाई पठाउने काम रोक्दा राम्रो होला भन्ने म अनुरोध गर्न चाहन्छु। विदेशबाट रोक्ने कुराहरू गरिरहँदाखेरि हाम्रो के छ त योजना? श्रम क्षेत्रमा जाने योजना रोक्नको लागि के छ त योजना? तर नेपालीहरू अहिले मात्रै गएका होइनन्। पहिला पनि नेपालीहरू विदेशमा जाने, विदेशीहरूको भूमिमा रगत बगाउने काम पहिला पनि थियो तर अहिले अलि बढी भयो हामीले युवाहरूलाई नेपालमै रोक्न रोजगारी दिन के गर्छौं त? अहिले धेरै कुराहरू आएका छन्।

कृषि क्षेत्रमा कृषि उद्यम गर्ने भन्ने कुराहरू आएको छ। अनि अल्लोको पातबाट कपडा बन्ने कपडा बन्छ भन्ने कुरा अस्ति हाम्रो केरे अर्थमन्त्रीले झोला बोकेर हामी सबैलाई देखाउनुभएको छ। झोला मात्रै देखाएर पुगेन। त्यो अल्लोबाट कसरी पार्ने निकालिन्छ र कति किसानलाई हामी कति युवाहरूलाई त्यसरी जागिरमा लगाउन सक्छौं त्यसको वातावरण बनाउन जरुरी छ। अल्लो मात्रै होइन सिस्नुको पनि आउँछ। अनि केराको पनि त्यो केराको अब हामी केराको सुप्लो भन्छौं, बाहिरको त्यो अब फेरि यो ठाउँ ठाउँको भाषा होला। त्यो नष्ट भएर जाने केराको सुप्लोबाट पनि

त्यसलाई कपडा बन्ने त्यहाँबाट धागो निकाल्ने यो पनि छ। हामी यस्ता विभिन्न यो नष्ट भएर, कुहिएर जाने चिजलाई पनि हामीले सदुपयोग गर्न सकेका छैनौं। अब अर्थमन्त्रीले एउटा झोला बोकेर मैले नेपालमा यो चाहिँ पहिलो उ गरे भने देखाउनु भो। यो चाहिँ सबै अब फेरि पनि हामीले योजना बनाएर गर्न सकेनौं भने यो हास्यापद हुने छ भन्ने मलाई लाग्छ। त्यस्तो नहोस्, अब रुग्ण उद्योगहरूको धेरै कुराहरू उठे धेरै कुराहरू पटकपटक म आएदेखि नै धेरैचोटि रुण उद्योगको, बन्द उद्योगको बारेमा नीति कार्यक्रममा पनि आएको हुनाले मैले पनि यो उद्योगप्रति त मेरो मात्रै पेवा हो भने मैले धेरै बोले । हो म हिजो उद्योगमा काम गरेर आएको एउटा श्रमिक भएको नाताले पनि होला मलाई बोल्नै मन लाग्छ। रुग्ण उद्योगलाई हामीले सफल बनाउनको लागि अब त्यसलाई उन्नति, उन्नतितिर लानको लागि रुग्णबाट बचाउनको लागि के छ त योजना? हामीले जुन पार्टीको उद्योगमन्त्री बन्यो, उही पार्टीको कार्यकर्तालाई हामीले त्यहाँ अध्यक्ष बनाएर पठाउँछौं। अनि त्यहाँ चेयरम्यान बनाएर पठाउँछौं। अनि आफ्नै त्यहाँ वरिपरिका कार्यकर्ताहरूको घेराबन्दीमा त्यो अध्यक्ष पनि पर्छ। त्यो चेयरम्यान पनि पर्छ । त्यसो भएको हुनाले म अहिले पनि भन्छु म अहिले पनि भन्छु यस्ता भारी उद्योगहरूमा पठाउँदाखेरि कि प्रशासनिक ज्ञान भएको, कि प्राविधिक ज्ञान भएको मान्छे दरखास्त मागेर को छ? त्यो एउटा योजना बनाएर त्यो कुन कुन category यति यतिमा यो यो मान्छे हामीलाई आवश्यकता पर्छ भनेर माग्ने हो। अनि जो सक्षम छ यो पार्टी उ पार्टी होइन, त्यो उद्योग सञ्चालन गर्नको लागि कुन सक्षम मान्छे आउँछ, योग्यता क्षमता भएको उसले त्यो उद्योगलाई सञ्चालन गर्नको लागि हामीले दिनुपर्छ। हिजैदेखि त्यो बिग्रेको जतिबेला बहुदल आयो, बहुदल आएपछि सबै ठाउँमा त्यो हुँदै हुँदै आयो। म आफैं पनि त्यसको भुक्तभोगी हो। किन हेटौंडा कपडा उद्योग त्यसै बन्द भएको थिएन। त्यहाँ कुनै घोटाला पनि थिएन। अब उद्योग नीति राम्रो भएन जुन जुन मन्त्री बन्यो उद्योगमन्त्री अनि उसैको कार्यकर्ता पठाउनुपर्ने त्यो खालको स्थिति नहोस् भन्नको लागि म अहिले पनि म सरकारसँग अनुरोध गर्छु। अनि रुग्ण उद्योगको के हो त सञ्चालन गर्ने योजना के छ? हामी गरिनेछ । यसो उसो त्यो त्यसैले चल्दैन योजना छैन त्यसको योजना आउनुपर्छ। म चार वर्ष उद्योगमा केरे राम्रो ऊ पठाइयोस् भने म चार वर्ष निरन्तर लागे। न प्राविधिक ज्ञान भएको, न प्रशासनिक ज्ञान भएको मान्छे पठाइन्छ, त्यसरी पठाइँदैन खाली कार्यकर्ता नजिकको कार्यकर्ता पठाइन्छ । तलब सुविधा गाडी अनि त्यहाँ आउने जाने सबैलाई राख्ने खुवाउने, पियाउने अनि यसरी उद्योगहरू धराशायी भएको छन्। अब यी रुग्ण उद्योगहरूको बारेमा मैले भने अहिले भर्खर मलाई जानकारी भएअनुसार हेटौंडा सिमेन्ट उद्योगको बारेमा मैले अस्ति धेरै लामै कुरा गरेको थिए। अहिले भर्खरै सुनिन्छ मैले चिनेको, जानेको त्यहीको एकजना कार्यकर्ता पठाइएको छ।

न ज्ञान छ, न विषयमा सीप छ न प्राविधिक ज्ञान छ, न त्यो प्रशासनिक सिप छ। त्यसो भएको हुनाले हेटौडा सिमेन्ट उदयपुर सिमेन्ट जस्ता भारी उद्योगहरूको बारेमा सोचिएन भने हामी फेरि पनि बाहिरैबाट सिमेन्ट ल्याउने चलाउने प्राइभेट सिमेन्ट उद्योगहरू चल्ने अनि सार्वजनिक संस्थानमा भएको उद्योगहरू किन चल्दैन। त्यो कुरा यो मैले यो उठाइरहेको कुराहरूको म जवाफ पनि चाहन्छु। मैले त्यसै उठाइरहेको छैन। यो कुराको जवाफ पनि दिन आवश्यक छ। जस्तै बन्द उद्योगहरूको बारेमा पनि कुरा उठाइयो। अस्ति हाम्रो अर्थमन्त्रीले पनि प्रस्तुत गर्नुभयो। बन्द उद्योगको योजनै छैन। बन्द उद्योग कसरी चल्ने? पाँचवटा ठाउँको केरे औद्योगिक क्षेत्रको कुरा गर्नुभयो। त्यो कुनै त्यसको डिपिआर नै छैन, केही योजना छैन। अब सहकार्यमा चल्ने कुरा त भयो। कोसँग गर्ने सहकार्य? कहाँ भएको छ कुरा? कोसँग भएको छ कुरा? छलफल भएको छ कि छैन? त्यो कुरा आउनुपर्यो। त्यो कुरा अहिलेसम्म केही कुराहरू आएका छैनन् अनि त्यत्तिकै हचुवामा उद्योग चल्छ भन्दिएपछि, जनताहरू नि खुसी हुने, बन्द उद्योग खुल्छ भनेपछि अब सबै माननीयहरू पनि खुसी हुने जनता पनि खुसी हुने त्यो हिसाबले मुलुक चल्दैन।मुलुक साँच्चै नै चलाउने हो भने जनताको हितमा योजना बनाएर मात्रै मुलुक चल्छ। हचुवाको भरमा, भनेको भरमा मुलुक चल्दैन मुलुक उँभो हैन, उँधो लाग्न सक्छ। त्यसो भएको हुनाले म फेरि यो बीचमै सोधिहाले। अरु अरु बन्द उद्योगको बारेमा चाहिँ मैले अब कुरा गर्न छोडे। बीरगञ्ज चिनी मिलको बारेमा अहिले पनि म सोध्छु। बीरगंज चिनी मिलको थुप्रै सम्पत्ति छ। उसको आफ्नै जमिनमा ऊखु लाउँदाखेरि उसलाई पुग्ने सम्पत्ति छ। प्राइभेट चिनी मिलहरू चल्ने प्राइभेट चिनी मिलमा लगेर भुक्तानी नपाएका कृषकहरूलाई चाहिँ सरकारले भुक्तानी दिनलाई कति पर्सेन्ट दिनुपर्ने अनि सार्वजनिक संस्थानको बीरगंज चिनी मिल चाहिँ नचल्नुको कारण के? त्यो चलाउने प्रयत्न नहुनुको कारण के? यो कुरा हामीले खोजी गर्नु पर्दैन। यो सबै माननीयहरूको चासोको विषय बन्नुपर्छ। यो हो कि यो उद्योगको कुरा उठाउने यो मेरो पेवाको कुरा होइन हामी सबैको साझा कुराहरू हुन्। यी सारा कुराहरूमा हामी सबैले साझा भएर खोतल्नु पर्यो, खोज्नुपर्यो। त्यसको सम्पत्ति कहाँ कहाँ छ भन्न त सम्पत्ति खोज्ने कुरा त आको छ। पहिले खोज्ने कहिलेदेखि खोज्ने अनि को कोलाई फेरि भाग लगाउने हो कि त्यो कुरा पनि शङ्का गर्नुपर्ने कुराहरू छ। खोज्न त खोज्ने फेरि त्यहाँको त्यो भएका सम्पतिहरू पनि भाग लाग्ने हो की भन्ने कुराहरू पनि शङ्का गर्नुपर्ने कुरा छ ।अब अस्ति भर्खरै यहाँ आएदेखि कृषि औजार कारखानाको पनि मैले धेरैचोटि कुरा उठाए। त्यसलाई धेरै मान्यज्यूहरूले थप्नुभयो, सपोर्ट गर्नुभयो। नेपाल कृषि प्रधान उद्योग भन्ने एकमात्र कृषि औजार कारखाना परवानिपुरमा कृषि औजार कारखाना विरगञ्जमा छ। त्यो कति वर्ष पुरानो बन्द भयो ।

अहिले १० वर्ष लिजमा लिएर महावीर पुनले चलाउँदै हुनुहुन्छ भन्ने चाँहि सुनियो। त्यो कसरी दियो? त्यो दिँदाखेरि रकम छुट्याइयो कि छुट्याइएन? अहिले के छ अवस्था धेरैचोटि यहाँ प्रश्नको उत्तर माग्दाखेरि त्यो उत्तर हामीले पाएका छैनौं। त्यो मन्त्रालयले यो सरकारले हामीलाई त्यो जवाफ चाहिन्छ त्यसको अवस्था के छ। अहिले कहिले महावीर पुनले कहिले आफूले पाएको के त्यो के भन्छ तक्मा। के भन्छ त्यो पदक बेच्छु र उद्योग चलाउछु भनेर हिड्नु भएको भने त्यो रोक्यो त्यो त्यसरी हुँदैन भनिसकेपछि उहाँले आफ्नो जीवनी लेखेको किताब बेचेर देशव्यापीरूपमा हिँड्नुभएको छ र अनि त्यो किताब बेचेर उद्योग चलाउँछु भन्नुभएको छ यसको बारेमा हाम्रो सरकारलाई लाज लाग्नुपर्ने हो। यो हुन त हामी पनि सरकार पक्षका हौं। सरकार पक्षको हुँ। सरकार पक्षको भएपनि नराम्रा कुराहरूलाई हामीले उठाउनै पर्छ। राम्रा कुराहरूलाई मात्रै हामी समर्थन गर्छौं। गलत कुराहरूलाई हामी विरोध गर्नै पर्छ। र सबैजना (... समय सकिएको।)

<u>सम्माननीय अध्यक्ष </u>:-माननीय सदस्य राधेश्याम पासवान समय ८ मिनेट। त्यसपछि माननीय सदस्य नारायण दत्त भट्ट।

(१४:०२ बजे)<u>माननीय श्री राधेश्याम पासवान (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)</u>:- सामाननीय अध्यक्षज्यूलाई महोदय, सर्वप्रथम त अध्यक्षलाई धन्यवाद दिन चाहन्छु। र सचिवालयका कर्मचारीहरूलाई पनि धन्यवाद दिन चाहन्छु। कि अगाडिमा व्यवस्थित घडी जडान गरदिनुभएको छ। यसो हेर्न पनि राम्रो धेरै दिन पहिलादेखि कुरा उठिरहेको थियो। र कुरा उठेपछि व्यवस्थित घडी जडान गरिदिनु भयो। अलिकति पानीको पनि व्यवस्था भएको छैन। त्यो पनि व्यवस्था होस् भनेर भन्न चाहन्छु।

अध्यक्ष महोदय, हाम्रो सम्मानीय प्रधानमन्त्री पुष्पकमल दाहाल भारतीय प्रधानमन्त्रीको निमन्त्रणामा शपथ कार्यक्रममा दिल्ली पुग्नुभएको छ र शपथ कार्यक्रममा सहभागी हुनुभयो। सबभन्दा लोकतान्त्रिक मुलुकको भारतको तेस्रो पटक सम्मानीय प्रधानमन्त्री नरेन्द्र मोदी पद तथा गोपनीयताको शपथ ग्रहण गर्नुभएकोमा उहाँलाई हार्दिक बधाई तथा कार्यकालको सफलताको शुभकामना व्यक्त गर्न चाहन्छु र उहाँको साथै सम्पूर्ण मन्त्रीमा सहभागी हुनुभएकालाई पनि कार्यकालको सफलताको शुभकामना व्यक्त गर्न चाहन्छु। साथै हाम्रा मोदीजीको मन्त्रिमण्डलमा ५

जना दलित पनि मन्त्री बन्नुभएको छ उहाँहरूलाई पनि कार्यकालको सफल रहोस् भन्न शुभकामना दिन चाहन्छु। र हिजो मधेस प्रदेशमा नयाँ सरकार गठन भएको छ। र नयाँ सरकारमा हाम्रा मुख्यमन्त्री तथा मन्त्रीहरूको कार्यकाल सफल होस् भन्ने हार्दिक बधाई र शुभकामना व्यक्त गर्न चाहन्छु । साथै राष्ट्रिय सभाका हाम्रा शेखर सिंह माननीयज्यूलाई पनि बधाई छ किनभने उहाँकै छोरा मधेस प्रदेशको मुख्यमन्त्री हुनुभएको छ। उहाँ आउनुभएको छैन तर उहाँलाई धेरै धेरै बधाई यो।

अध्यक्ष महोदय, अघि पनि हाम्रा मधेस प्रदेशका माननीयजीले कुरा उठाउनुभयो। हुन त अब यो नयाँ सरकारले अलि राम्रो काम गर्छ भनेर हामी आशा र विश्वास लिएका छौं स्वास्थ्यको क्षेत्रमा, शिक्षाको क्षेत्रमा, या कृषिको क्षेत्रमा लगायत उहाँहरू पनि काम गरोस् भन्ने चाहना हो। यो भन्दा पहिला सरकारले त धेरै आलोचनाहरू नै खेप्न जस्तो कामहरू गरे र बढी प्रतिशोधको कुराहरूको बढी मिडियाहरूबाजी भयो र मिडियाहरूमा पुर्यायो त्यसकारण यो सरकारले राम्रो काम गरोस् भन्ने चाहना व्यक्त गर्न चाहन्छु।

अध्यक्ष महोदय, सरकारले योभन्दा पहिला सिद्धान्त र प्राथमिकतामा छलफल हुँदाखेरि सुरुवातमा पहिला कस्तो चलन थियो हाम्रो समयमै तपाईंको सिद्धान्त र प्राथमिकताको छलफल हुने। तर यस पालि तीन महिना अगाडि नै छलफल भयो। यो राम्रो पक्ष हो । यो नै सरकारको उपलब्धि हो कि हामी माननीय यसमा छलफल गरेर आफ्नो राय सुझावहरू दियो । यो अनुसारको बजेटहरू पनि नीति कार्यक्रमहरू आएका छन्। एउटा अब हाम्रो आगामी वर्ष २०८१ को बजेट वक्तव्यमा सम्पूर्ण माननीयज्यूहरूले आफ्ना-आफ्ना विचार व्यक्त गर्नु भयो। ..... व्यक्त गरेको थिएन तर पनि बजेट वक्तव्यमा माननीयज्यूले धारणा राख्दाखेरि कति पक्षले राख्नुभयो कति विपक्षमा राख्नुभयो। र जे होस् आफ्ना आफ्ना धारणा राख्नु भयो। माननीयज्यूहरूले, हाम्रा विपक्षका माननीयज्यूहरू पनि यो भन्दा पहिला राष्ट्रिय सभामा एउटा प्रचलन के थियो भने कि सैद्धान्तिकरूपमा विरोधाभास गर्ने हो। तर यसपालि कस्तो हो भने रोष्टममै आएर होहल्ला र घेराउ गर्ने यो अलिकति सिस्टमेटिक ढङ्गले भएन। किन भने हामी लोकतान्त्रिकको कुरा गर्छौं र हामी पुरानो अनुभवी पनि माननीयज्यूहरू पनि हुनुहुन्छ। तर पनि हाम्रो यो अवस्था हेर्दाखेरि यो सिस्टमको तरिका सैद्धान्तिक विचार राखेर आफ्नो विचार विमर्श गर्ने र जुन शैलीमा हामी लोकतान्त्रिक अभ्यास आफ्नो कुराहरू राख्दाखेरि एकदम राम्रो हुन्छ भन्ने हामीले एउटा कल्पना गरेका छौं। यो लोकतान्त्रिक अभ्यासको मूल्य र मान्यता हो। हामी विद्वान् त छौं तर विद्वत्तालाई पनि कदर गरेन भने यो विद्वत्ता काम लाग्दैन। विपक्षमा जाने बित्तिकै ठुल्ठुला कुरा गर्ने सत्ता पक्षमा आउने वितिकै हामीले एकदम राम्रो

भइ हाल्ने । हामी चुनावमा कसरी हामीले कमी कमजोरीहरू गर्यो त्यो हामीले ध्यान दिएन र तपाईंको यो ध्यान नदिईकन हामीले विपक्षमा गए र विपक्षमा जाने वित्तिकै हाम्रो साथीभाइहरूले कहाँ कहाँ कमी कमजोरीहरू गर्यो, त्यो कमी कमजोरीलाई हामीले सुधार्न सकेनौं र त्यसकारणले हामी विपक्षमा छौं। पछि हामी फेरि पनि मिल्न सक्छौं । हामीले आफ्नो आनीबानीलाई सुधार गर्नुपर्छ।

अध्यक्ष महोदय, अब ६४/६५ मा तपाईंको यो सरकारले १६ वर्ष जुन वितिसक्यो हाम्रो, अहिले लोकतान्त्रिक गणतन्त्रको १६ वर्षमा आर्थिक र सामाजिक सामाजिक संरचनाहरूमा धेरै नै परिवर्तनहरू भएका छन्। र २०६४/६५ मा ८ खर्ब १५ अर्ब रहेको कुल गार्हस्थ्य उत्पादन चालु आर्थिक वर्षमा ५६ खर्ब ५ अर्ब अनुमान गरिएको छ। प्रतिव्यक्ति राष्ट्रिय अमेरिकी डलर ४९१ बाट बढेर हामी १४५६ पुगेको छ। विद्युत उत्पादनमा ६०० मेगावाटबाट ३०६० मेगावाट पुर्‍याएको छ। यो सरकारको उपलब्धि नै हो यो। त्यसकारणले अहिले हाम्रो नेपालको साक्षरता दर ५८ प्रतिशतबाट हामी ७६.२ प्रतिशतमा पुगेका छौं। नेपालको औसत आयु ६०.७ बाट बर्षबाट हामी ७१.३ वर्षमा पुगेका छौं। यो हाम्रो के हो २०६५ सालमा कालोपत्र सडक ५००४ किलोमिटर थियो भने अहिले १८,२४१ किलोमिटर पुगेको छ। ४१ जिल्ला सडक सञ्जालहरू जोडिएको छ। हाल सबै जिल्लामा तपाईंको राष्ट्रिय सडक सञ्जाल जोडिएको थियो। पहिला ६१ जिल्लाहरूमा यो सञ्जालहरू जोडिएको थियो। अहिले त करिब करिब सबै जिल्लाहरूमा तपाईंको यो सञ्जालहरू जोडिएको छ ।२०६५ सालमा वाणिज्य बैंक ५९१ शाखा मात्रै थियो। अहिले आएर ५ हजार ८२ शाखाहरू छन्। ६५ सालमा भनेपछि त गरिबी हाम्रो त ३०.८% रहेको थियो भने हाल आएर २०.३% पुगेको छ। मानव विकासको सूचाङ्कमा ०.५०५ बाट बढेर हाम्रो ०.६०२ कायम भएको छ। २०५६ सालको निर्वाचनमा प्रतिनिधि सभामा महिलाको प्रतिनिधित्व ५.९% मात्रै थियो। तर अहिले आएर ३३.१ पुगेको छ। अहिले तपाईंको निजामतीमा १२१५२ निजामती कर्मचारीहरू छन्। अहिले तपाईंको महिला, दलित, आदिवासी, मधेसी, अपाङ्गता भएका, पिछडिएका क्षेत्रहरूसम्म पुगेको छ। यो लोकतान्त्रिक भएपछि मात्रै हाम्रो यो उपलब्धिहरू हो। यसलाई हामीले सकारात्मक लिनुपर्छ। उपलब्धिहरू राम्रो हो। तर हामीले मात्रै नेगेटिभ धारणाहरू मात्रै छन्। पोजिटिभ धारणाहरूले हामीले लिएका छैन। त्यसकारण पोजेटिभतिर हामी उपलब्धि कति भएको छ भने यो पनि हामीले विचार गर्नुपर्छ।

अध्यक्ष महोदय, हामीले आपाङ्ग भएका व्यक्तिहरू महिनौं देखि रत्नपार्क शान्ति अनशनमा शान्तिपूर्ण आन्दोलन गरिरहेको छ। निजहरूलाई सरकारले अध्यक्षको मार्फत सरकारले वार्ता गरेर

उहाँको माग सम्बोधन गरोस् भन्ने म अनुरोध गर्न चाहन्छु। अध्यक्ष महोदय, संविधानको धारा ३५ को उपधारा १ मा स्वास्थ्यसम्बन्धी हकको व्यवस्था गरिएको छ। तर विराटनगरमा एकजना दलित उपचारकै क्रममा मृत्यु भयो। र उहाँको घरको मान्छेले कर्जा लिएर ६ लाख रुपैया तिरिदियो तर पनि तपाईंको उहाँको मृत्यलाई, परिवारकोलाई लास बुझाउन दिएन र तपाईंको जनप्रतिनिधि पनि लिन जाँदा माग्दाखेरि म ग्यारेन्टी बस्यो म पैसा तिर्छु मानेनन्। त्यसकारणले अध्यक्षज्यू विराटनगर कलेजलाई अविलम्ब सरकारले कारबाही गरोस् भन्ने अध्यक्षज्यूको मार्फत म ध्यानाकर्षण गराउन चाहन्छु। धन्यवाद।

**सम्माननीय अध्यक्ष** :-माननीय सदस्य नारायण दत्त भट्ट सयम १० मिनेट। यसपछि माननीय सदस्य गोपाल भट्टराई।

(१४:११ बजे)**माननीय श्री नरायण दत्त भट्ट (नेपाली काँग्रेस)**:-सम्मानीय अध्यक्षज्यूहरू, आदरणीय सबै माननीयज्यूहरू मलाई एउटा बडा अचम्म लाग्छ कहिलेकाहीँ। हामीले जतिबेला ६२/६३ को आन्दोलन गर्यौं । सात दल, अघोषित माओवादी सायद हाम्रा बोल्ने माननीयज्यूहरूलाई यो कुरा ख्याल छैन। हामी अर्कालाई अर्तिउपदेश दिने काम गरिरहेका छौं। पहिला आजको परिस्थिति के हो ? हामी कुन ठाउँमा पुगेका छौं। र हिजो यो देशमा आवश्यकता छैन भनेको व्यवस्थालाई फाल्ने एक ठाउँमा आएका दलहरू आज हामी राष्ट्रिय सभामा उभिएर एकअर्कालाई हेलो होचो गर्ने कोसिस गरिराख्या छौं। त्यस्तो कुरा गर्ने हो सबै माननीयजीहरूलाई आउँछ। हामी पनि भाषणै गरेर आएका हौं। अर्ति दिने काम बन्द गरौं कम्तिमा । सम्झिउँ आज यो व्यवस्था संविधान बचाउनका लागि फेरि पनि हामी एकै ठाउँमा उभिनुपर्ने परिस्थिति आउँदैन भन्न सकिने अवस्था छैन। त्यसैले साथीहरूले बोल्दाखेरि ख्याल गर्नुस्। यो सदनभित्र विरोधका लागि मात्रै उभियो भनेपछि सदन स्थगित हुन्छ। त्यसको अन्तिम उपाय हो बेल घेराउ । हामीले चाहिँ संसदीयको यो उसको विधानहरू पढेका छौं कि छैनौं। त्यसकारणले कुरो कहाँनेर हो भने जवाफ दिनु सबलाई आउँछ। त्यसकारणले यो सुन्नुस् म के भन्न चाहन्छु भने माननीय पासवानज्यूले भन्नु भो कि यो सदनको गरिमा होइन? के हो गरिमा? प्रतिपक्षको कुरा सुनिएन भने गरिमा के? कुरा सुनाउने ठाउँ कहाँ हो? अर्ति त दिँदै हुनुहुन्छ। ठाउँका प्रतिपक्षमा भयो भने के गर्नुहुन्छ यदि

तपाईंको कुरा सुनिएन, सदनमा केही कुरा गर्दा पनि सुनिएन, आखिर भयो के? सहकारीमा त्यही समिति गठन पर्यो भनेर सदन अवरुद्ध भयो। अहिले सायद बजेट पनि पास भइसक्यो । आखिर समिति त गठन भयो नि। अनि नेपाली कांग्रेस प्रतिपक्षले के कुरा चाहिँ गलत मागेको रहेछ त। त्यो कुरा सुन्दै सुन्दैनौं भनेपछि प्रतिपक्षको अन्तिम धर्म के हो त? त्यसकारणले माननीय पासवानजी यस्तोो कुरा बोल्दा ख्याल गर्नु होला भन्ने विनम्रको साथ अनुरोध गर्न चाहन्छु।

सम्माननीय अध्यक्षज्यू, खासगरी कुरा के हो भने अघि केही माननीयज्यूहरूले पनि यो कुरा उठाएको छ। अब हामी कहाँ, हाम्रो सरकारको, हाम्रै सरकारको एउटा पार्टीले १८ लाख मानिस आउने बाढी पहिरोबाट विस्थापित हुने कुराको प्रक्षेपण गरेको छ। त्यसकारणले अठारै लाख मात्रै हुन्छ भन्ने छैन। कम पनी हुनसक्छ, बढी पनि हुनसक्छ । त्यसकारण हामी पनि यो राष्ट्रिय सभाका माननीय भएको हुनाले त्यसको तयारी के छ भन्ने कुरा जानकारी पाउनका लागि सम्माननीय अध्यक्षज्यूमार्फत सरकार र यो कुरा पुगोस्। कुरा के हो भने आज हामी जेठ २८ गतेको दिनमा छ। अब हामीसँग धेरै समय छैन । मनसुन नजिक छ। त्यसकारणले जनताको रक्षाका लागि सरकारले के के काम गर्यो। त्यति मात्रै होइन आज भोलि त्यस्तो दुर्घटना घटयो भने तिनीहरूको औषधिमूलो गर्नका लागि हामीसँग अस्पतालको व्यवस्था के छ? म सम्माननीय अध्यक्षज्यूमार्फत नेपाल सरकारलाई अनुरोध गर्न चाहन्छु। सुदूरपश्चिम दशरथ, सहिद दशरथ चन्द विश्वविद्यालयका लागि यदि हामीले चाहिँ चाँडैभन्दा चाँडै व्यवस्था गर्न सकेनौं भने त्यो प्रादेशिक, क्षेत्रीय hospital ले अहिले दैनिक बिमारीको चापलाई धान्न सक्ने अवस्था छैन। त्यसकारणले हामी अर्ति उपदेश दिने कुराहरू बन्द गरेर अब आइलाग्ने विपत्तिका लागि कसरी त्यसलाई जनताहरूलाई, राष्ट्रलाई र दुःखमा परेका जनताहरूलाई हामीले भूकम्पमा परेका मानिसहरूको अहिलेसम्म पनि उद्धार गरेका छैनौं। बर्खा आइपुगिसकेको छ। त्यसकारणले त्यो बर्खामा हुने ओत लाग्ने ठाउँ यसो दुई छाक खाने ठाउँको व्यवस्था यो सरकारले गर्ने कि नगर्ने? त्यसकारण त्यतातिर यो सरकारको ध्यान जाओस् भन्नका लागि सम्माननीय अध्यक्षज्यूमार्फत म यो कुरा सरकारलाई भन्न चाहन्छु। त्यतिबेला स्कुल बन्द गर्नुपर्ने परिस्थिति आउँछ। अनि त्यो अवस्थाका लागि अहिले जस्तो पालको व्यवस्था के छ? बाढी पीडितहरूको चाहिँ झन्डै झन्डै असारबाट आयो भने साउनको महिनासम्म तपाईंको चाहिँ बाढी आउँछ। अनि त्यो बाढी भनेपछि त्यसपछि पालको व्यवस्था चाहिएला। मेरो अनुरोध के हो भने हामी सबै साथीभाइहरू हिजो पनि एक ठाउँमा थियौं। हो वैचारिकरूपमा फरक थियो, त्यो आज पनि छ। किनभने राष्ट्रिय मुद्धामा सबै एक ठाउँमा आयो। हिजोको कुरा मात्रै सम्झिउँ के भयो सदन दुईचोटि विगठन भयो त्यसपछि के भयो? कुन परिस्थिति निर्माण भयो? यो गठबन्धन हुन्छन्

,आउँछन्, जान्छन्। यो धेरै ठुलो सरोकारको विषयमा होइन। कोही पक्षमा होला, कोही विपक्षमा होला। को कता गयो भन्ने पनि सरोकारको विषय होइन। तर जतिबेला यो देशमा समस्या आइलाग्छ त्यतिबेला यो संविधानप्रति आफूले गरेको त्याग तपस्यामा भएका मानिसहरू सब एक ठाउँमा आउँछन्। सहभागिता सबैको थियो। यो पार्टीले मात्रै बनायो भन्दैन तर संविधानमाथि पटकपटक प्रहार गर्ने प्रयत्न भएको छ। अघि माननीयजीले पनि उठाउनु भयो त्यो कुरालाई समर्थन गर्न चाहन्छु। के त्यो अहिले आवश्यक हो र? सरकारको एउटा ठुलो दलको जिम्मेवारीमा बस्नुभएको यो देशको तीन-तीन चोटी प्रधानमन्त्री भइसकेका मानिसहरूले बिना मौसमको बाजा बजाउन उपयुक्त थियो र त्यसैले साथीहरूलाई सबै आदरणीय माननीयज्यूहरूलाई म के भन्न चाहन्छु भने हामीले यहाँ उभिएर बोल्दै गर्दा हामी कोही कसैका दुश्मन हैनौं, प्रतिस्पर्धी अवश्य हौं। त्यसकारणले यो कुराको ख्याल गर्नुपर्छ।

किनभने अहिले आवश्यकता के हो भने वर्खा आइराखेको छ। यत्रो तराईमा गर्मीले पश्चिम तराई सडकमा चाहिँ अण्डाको अम्लेट हुन सक्ने परिस्थिति छ । पूर्वी तराईमा तपाईंको पानीको खानेपानीको हाहाकार छ। पहाडको चुरेमा त्यस्तै कुरा छ। पहाडको तमाम गाउँपालिकामा त्यो अवस्था छ। अनि अहिले हामी दुई तीन ओटा काम गरिराख्या छौं। गाउँपालिकाको अध्यक्षलाई, वडा अध्यक्षलाई लाग्यो स्काभेटर लग्यो, बाटो खन्दियो। बाटोको अवस्था के छ त्यहाँ बाटो खन्न मिल्ने हो कि होइन? अनि त्यसको माथिको अवस्था के छ माथि घर छ, तलबाट बाटो खन्यो, अब वर्खा आउँछ, माटो बग्छ घर पनि जान्छ। यसकारणले पारदर्शी योजना जसले दीर्घकालीनरूपमा त्यहाँको मान्छेले सुविधा लिन सकोस्। र त्यो सुविधा लिएबापत कुनै छैटी भोलिको दिनमा नबेहोर्नु परोस्। अनि हामी त्यस्तो कुरातिर नलाग्ने, हामी हाम्रो कुरा के भने कोलाई कतिबेला गाली दिन पाइन्छ। कोले चाहिँ के भन्छ प्याच्चै एकचोटी भनि हालौं के नै विग्रिने हो र भन्ने कुरातिर हाम्रो चाहिँ प्रयत्न बढिराखेको छ । कृपया म विनम्रसाथ सबैलाई अनुरोध गर्न चाहन्छु हामी त्यो बाटोमा नलागौं। समयले के माग्छ थाहा हुँदैन, समय हाम्रो हातमा छैन। अहिले बजिराखेको समय भोलि अन्त आउला तर यही बेलामा त्यो समय आउँदैन अहिलेको समस्या आउने दैविक प्रकोपको बारेमा सचेत भएर अगाडि बढौं भन्ने सबै साथीहरूसँग विनम्र अनुरोध गर्दै मेरो भनाइ अन्त्य गर्न चाहन्छु। धन्यवाद। जय नेपाल।

**सम्माननीय अध्यक्ष** :-माननीय सदस्य गोपाल भट्टराई समय ७ मिनेट ।यसपछि माननीय सदस्य गंगाकुमारी बेलबासे।

(१४:२१ बजे)**माननीय श्री गोपाल भट्टराई (नेपाल कम्युनिष्ट पार्टी, एमाले)**:-सम्माननीय अध्यक्षज्यू, आज हामी विशेष समयमा आफ्ना केही कुराहरू राख्नको निम्ति म यहाँ उपस्थित भएको छु। खास गरेर बजेटको छलफलमा म उपस्थित हुन सकिनँ। विशेष अवस्था रह्यो र म उपस्थित हुन सकिनँ ।त्यस सन्दर्भमा पनि केही थोरै कुराहरू मैले चाहिँ राख्न चाहन्छु। खास गरेर अहिले बर्खा लागिसक्यो । जाजरकोट रुकुम पश्चिममा गएको भूकम्पबाट क्षतिग्रस्त घरहरू निर्माणको चरणमा त छन् तर अब अस्थायी आवास पनि पूर्णता नभएको भन्ने सुनिएको छ। त्यसतर्फ सरकारको ध्यान जाओस् भन्न चाहन्छु।खास गरेर अहिले हामी देश विकासका विभिन्न चरणहरू पार गर्ने सन्दर्भमा हामीले सुरु गर्नुपर्ने धेरै कुराहरू बाँकी छन्। ०७७/०७८ सालकै बजेटमा यो धौवादी फलाम खानी पूर्वी, पूर्वी नवलपरासीको धौबादी भन्ने ठाउँको फलाम खानी उत्खनन् कार्य सुरु गर्ने भनेर बजेटको व्यवस्था गरिएको थियो। त्यसपछि सामसुम भयो अहिले यो पालि नाम आएको छ तर त्यसको काम सुरुवात हुन्छ कि हुन्न? त्यसतर्फ मैले ध्यान आकर्षण गराउन चाहन्छु। नाम मात्र आएको छ। त्यो फलाम खानीको फलाम चाहिँ क्वालिटीयुक्त छ भन्ने कुरासमेत प्रमाणित भइसकेको छ। त्यसो भएर त्यसलाई त्यो काम तत्काल सुरु गर्न म सरकारलाई आग्रह गर्न चाहन्छु । किनभने यसले हाम्रो सय वर्षको नेपालको अहिलेको फलाम, आवश्यक फलामको सयौं वर्षको त्यो उत्पादनले पूरा गर्छ भन्ने हामीले सुनेका छौं, हामीले थाहा पाएका छौं। त्यसो भएर त्यो फलाम खानी यसै आर्थिक वर्षबाट उत्खननको काम सुरु गरियोस् भन्ने आग्रह गर्न चाहन्छु।

अर्को, यो गौतम बुद्ध विमानस्थल सधैंभरि यो नारा लाउने विषय जस्तो भयो। हामी हाम्रो समितिबाट त्यो विमानस्थलको प्रशासनसित हामीहरू बस्यौं। उहाँहरू के भन्नु केही सुझावहरू हामीले सरकारलाई दिएको छौं। यी सुझावहरू लागू भए भने हामी, तत्काल लागू भयो भने हामी तत्काल लागू, कार्य सञ्चालन गर्न सक्छौं हामीले। खास गरेर स्वास्थ्य परीक्षणको काम मात्रै त्यहाँ भयो भने पनि श्रम स्वीकृति अनलाइनबाट हुने भएको हुनाले समस्या भएन। स्वास्थ्य परीक्षण यहाँ चाहिँ अब उता पनि स्वास्थ्य बीमा क्यारे स्वास्थ्य परीक्षणका कामहरू गराउनुपर्छ भन्ने एउटा छ। अर्को त्यो रन वेमा जुन बत्तीको कुरा छ, त्यो भिजिबिलिटीलाई व्यवस्थापन गर्नको निम्ति छिमेकी

राष्ट्रले अलिकति अप्ठ्यारो महसुस गरेको छ त्यसको निम्ति हामीले चाहिँ कमसेकम अर्को विधिबाट पनि जान सक्छौं, स्याटलाइटको विधिबाट पनि जान सक्छौं भनेर उहाँहरू पनि भन्नु भएको छ। यी कुराहरू दुई तीनटा कुराहरू मात्रै अहिले तत्काल समाधान गर्ने हो भने त्यो सञ्चालन गर्न सकिन्छ भन्ने छ। अब मान्छेहरू यहाँ गएर चाहिँ प्लेन चढ्ने मान्छेहरू जाँदैन। त्यसो भएको हुनाले सबभन्दा पहिला यो काम सुरु गर्न मैले सरकारलाई आग्रह गर्न चाहन्छु।

अर्को कुरा देशभरि ०७६/०७७ को बजेटमा देशभरि सातवटै प्रदेशमा मेडिकल कलेजहरूको सरकारी मेडिकल कलेजको स्थापना गर्ने भनेर बजेट व्यवस्था भयो। र केही ठाउँमा सुरु भयो । जस्तै सुदूरपश्चिमको गेटा मेडिकल कलेजको कुरा छ, त्यो विश्वविद्यालयकै रूपमा स्थापित हुने हो। लुम्बिनी प्रदेशमा बुटवल मेडिकल कलेज भनेर स्थापना भएको छ। त्यसको शिलान्यास, कार्यालय उद्घाटन भएको पनि ५ वर्ष भइसक्यो, ५ वर्ष भएको भयो। २०० बिघा जमिनको व्यवस्थापन पनि भइसक्यो। त्यो अधिकार पाइसक्यो र इआइएको काम पनि सुरु भएको छ। तर त्यसमा बजेट नहुनुको कारणले खास गरेर त्यसको निर्माणको काम सुरु नभएको कारणले भएको खर्च खर्च भइसक्यो। त्यसमा लिने प्रोफिट, त्यसबाट लिने आम्दानी चाहिँ लिन सक्या छैन। आम्दानी भनेको धेरै विद्यार्थीहरू उत्पादन हुन सक्थे। अन्यत्र जाने पैसा बच्थे, धेरै काम हुनसक्थे । यी कामहरूको निम्ति राज्यले ध्यान दिनुपर्यो । यी कामहरू गर्न नसकिने खालका कामहरू छैनन्, धेरै कुरा व्यवस्थित भइसकेको छ, अगाडि बढाउने काममा मात्रै समस्या छ ।यो समस्या समाधान गर्नको निम्ति यी कुराहरूलाई जोडदारका साथ सरकारसमक्ष आग्रह गर्न चाहन्छु।

<u>सम्माननीय अध्यक्ष</u> :-माननीय सदस्य गंगाकुमारी वेल्वासे समय ९ मिनेट।

(१४:२८ बजे)<u>माननीय श्री गंगा कुमारी वेल्वासे (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)</u>:- सम्माननीय अध्यक्षज्यू, हामी संसदको १६ औं अधिवेशनमा छौं। र विभिन्न विषयहरूमा हामी छलफल गरिरहेका छौं, यतिबेला हाम्रो बजेट पेस भइसकेको छ। र हामी बजेटले व्यवस्था गरेका कार्यक्रमबाट अगाडि बढ्ने अवस्थामा छौं। यसै समयमा सन्दर्भमा दुध किसानका समस्याहरू लिएर किसानहरू काठमाडौंमा आएको समाचारहरू बारम्बार सुनिराखिएको छ। यतिखेर पनि त्यो विषय उठेको छ। सडकमा दुध पोख्ने कुरा किसानको कुरा हुन् कि अरु प्रोपोगण्डा बनाउनका लागि बनाइन्छ, त्यो अर्कै कुरा हो। तर किसानले पाउनुपर्ने दुधको मूल्य नपाएको कुरा सही हो त्यो

किसानहरूले नै भनेको र किसानहरूले नै उठाएको विषय हो। यति रकम हामीले पाउन बाँकी छ भनेर उहाँहरूले भनिराख्नुभएको छ। त्यसको व्यवस्थापन छिटो गरियोस् र यस्ता संस्थानहरूलाई कसरी व्यवस्थापन गर्ने हो चुस्त दुरुस्त बनाउनका लागि सरकारले कदम चालोस् भन्ने कुराहरू म राख्न चाहन्छु।

व्यापार गर्ने संस्था हो भने त्यसले २४सै घण्टा व्यापार गर्नुपर्छ। त्यसले आफ्नो व्यवस्थापन गर्नुपर्छ त्यो ढङ्गले सरकारले त्यसलाई व्यवस्था पनि गर्नुपर्छ। ८ देखि बिहान ९ बजेदेखि ५ बजेसम्मको अफिस चलाएर व्यापार हुँदैन व्यापार गर्ने हो भने त्यही ढङ्गले संस्थानहरू चलुन भन्ने कुराहरू म राख्न चाहन्छु।

यस्तै गरेर नगरपालिका, गाउँपालिका प्रमुखहरू काठमाडौँमा आएर वार्ता संवाद गरिरहेको कुरा उठेको छ। यदि काम भइसकेको छ भने दिनुपर्ने अनुदान सरकारले दिन बिलम्ब गर्नु हुँदैन। त्यहाँको कामलाई पनि सरकारले जोड्नुपर्छ र के हो त्यहाँ भएको समस्या त्यसलाई तुरुन्त हल गरियोस् भन्ने कुराहरू म राख्न चाहन्छु। यस्तै गरेर मलाई ज्येष्ठ नागरिकको विषयमा केही कुराहरू राख्न मन लागेको छ। हामी कहाँ ३ प्रकारका ज्येष्ठ नागरिकहरू हुनुहुन्छ। ६० वर्षदेखि ६९ वर्षसम्मको ज्येष्ठ नागरिकको सङ्ख्या ६०.८६% छ। ७० देखि ८९ वर्षका ज्येष्ठ नागरिकहरूको सङ्ख्या ३७.६७ प्रतिशत छ र ९० वर्षभन्दा माथिको जनसङ्ख्या १.४६ प्रतिशत छ। हामी हामी ७८ को जनगणनाले देखाएको छ। हाम्रो देशमा ज्येष्ठ नागरिकको सङ्ख्या बढ्दै गइरहेको छ। त्यसको व्यवस्थापनमा सरकारले ध्यान दिनुपर्ने विषयहरू उठिरहेका छन् र हामीसँग कानुन पनि छ ज्येष्ठ नागरिक ऐन, सामाजिक सुरक्षा ऐन त्यसमा टेकेर हामीले ज्येष्ठ नागरिकको व्यवस्थापन र अधिकारहरूलाई सुरक्षित गरेका छौं। हामीले उहाँहरूले थुप्रै समय लामो समयसम्म आन्दोलन उठाइराख्नु भयो, मिन भवनको सडकमा उहाँहरूले आवाजहरू उठाउनुभयो र ५०% डिस्काउन्ट गाडीमा हुनुपर्छ। स्वास्थ्यमा प्राथमिकता हुनुपर्छ विभिन्न खालका मागहरू उहाँहरूले ल्याउनुभएको थियो त्यसलाई पूरा गर्नका लागि सरकारले त्यतिखेर कदम उठाएको थियो। र त्यो ज्येष्ठ नागरिकलाई हेर्नका लागि दुईटा संस्थाहरू पनि छन्। महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय नै छ। र समावेशी आयोग पनि छ त्यसले उठाएर त्यसका कदमहरूलाई, कामहरूलाई अगाडि बढाइरहेको छ र ज्येष्ठ नागरिकमा हुने अल्जाइमर जस्ता रोगहरू, बिर्सिने रोगहरूका कारणले उहाँहरू बाटो बिराउने विभिन्न ठाउँमा जाने, हराउने र दुर्घटनामा पर्ने समस्याहरू पनि छन्। त्यसलाई व्यवस्थापन कसरी गर्ने भन्ने कुरा सरकारले विशेष चासो दिनुपर्दछ। पार्किन्सन, अटिजम

जस्ता समस्याहरू भएको हुनाले त्यही प्रकारको उपचार, त्यही प्रकारको सुविधा पनि उहाँहरूलाई उपलब्ध गराउनुपर्छ भन्ने कुराहरू म राख्न चाहन्छु। त्यसै गरेर ज्येष्ठ नागरिकको सङ्ख्या बढिरहेको छ र दलितलाई ६० वर्षमा वृद्धभत्ता दिने सामाजिक सुरक्षा भत्ता दिने र ७० भन्दा माथिका सबैलाई दिने व्यवस्था पनि छ त्यसलाई वडासम्मका जनप्रतिनिधिहरूले कार्यान्वयन गरिराखुभएको छ। यो कुरा म किन जोड्न चाहेको छु भने त्यहाँ वडा वडासँग जोडिदाखेरि ज्येष्ठ नागरिकहरूको अवस्था कस्तो छ। उहाँ कस्तो घरमा बसिराखु भएको छ। उहाँहरूको खानपिनको व्यवस्था कस्तो छ। परिवारले कसरी संरक्षण गरेको छ र उहाँहरूको व्यवस्थापनमा अब थप के गर्नुपर्छ भन्ने कुरा हाम्रा जनप्रतिनिधिहरूलाई सम्भवत थाहा हुनुपर्छ भन्ने मलाई लाग्दछ। त्यो थाहा भयो भने अबको व्यवस्थापन कसरी गर्ने भन्ने कुराहरू हामीले राख्न सक्दछौं।अहिले यतिखेर युवाहरू पलायन भइरहेको अवस्था र यो भौगोलिक हाम्रो भूगोल अलि अप्ठ्यारो जहाँ आफ्नो घर छ।त्यहाँबाट विभिन्न सदरमुकामहरूमा जानको लागि ज्येष्ठ नागरिकहरूलाई पर्ने अप्ठ्यारो अरुले गर्दाखेरि पनि ज्येष्ठ नागरिकहरूको अवस्थाको बारेमा वडाहरूले नै थाहा पाउने, त्यहाँका पालिकाहरूले नै थाहा पाउने। त्यहाँको समस्याहरूलाई चाहिँ तीन तहको सरकारसँग जोड्ने हो भने हामी त्यो व्यवस्थापन गर्न सक्छौं भन्ने कुराहरू मलाई लाग्दछ। र हामीले ज्येष्ठ नागरिक हेरचाह गर्ने कुराहरूलाई अगाडि बढाउँदाखेरि कानुनको अनुगमन गर्ने, कस्तो कानुन बनायो त्यसलाई चाहिँ फेरि अवलोकन गर्ने र कानुन कार्यान्वयन गर्ने र र अब ज्येष्ठ नागरिकको व्यवस्थापन कसरी गर्ने भन्ने रणनीतिहरू बनाउनु जरुरी छ। मैले ज्येष्ठ नागरिकहरूको सङ्ख्या धेरै छ। असाध्यै धेरै छ।पुरुषहरूको तुलनामा महिलाहरूको सङ्ख्या धेरै छ।त्यसो गर्दाखेरि महिला स्वास्थ्यलाई ध्यान दिनुपर्ने कुराहरू ज्येष्ठ भइसकेपछि गर्नुपर्ने कामहरू र ज्येष्ठ महिलाहरूको लागि विशेष रेखदेखको व्यवस्था पनि गर्न सरकारले सोच्नुपर्छ भन्ने कुराहरू म राख्न चाहन्छु।ज्येष्ठ नागरिकहरू पनि धेरै प्रकारका छन्।विवाह नगरेका ज्येष्ठ नागरिकहरू अथवा छोराछोरी नजन्माएका ज्येष्ठ नागरिकहरू, विधवा महिलाहरू, छोराछोरी विदेशमा भएका र छोराछोरीकै स्वास्थ्य चाहिँ अस्वस्थ भएर बाउआमाले रेखदेख गर्नुपर्ने खालका ज्येष्ठ नागरिकहरू पनि हुनुहुन्छ। त्यो ढङ्गले हेर्दाखेरि सिंगो परिवारको पनि रेखदेख गर्नुपर्ने दायित्व सरकारको छ भन्ने कुराहरू म राख्न चाहन्छु। यस्तै गरेर हामीले व्यवस्थापन गर्नुपर्ने विषयहरू पनि छन् वृद्धाश्रमको व्यवस्थापन हामीले केही गर्नुपर्छ भन्ने मलाई लाग्दछ।

अहिले एउटा एउटा विषय के आइरहेको छ भने छोराछोरीहरू विदेशमा छन् जसले नागरिकहरूलाई चाहिँ वृद्धाश्रममा लगेर छोडिएको छ भयावह स्थिति छ। यस्ता विषयहरू पनि

आउने गरेका छन्। म यस्तो कुरा हो भन्ने म स्वीकार गर्न म स्वीकार गर्दिन मलाई के लाग्छ भने समग्रमा ६/७०० भन्दा बढी ज्येष्ठ नागरिकहरू वृद्धाश्रममा हुनुहुन्न। आफ्नै घरमा आफ्नै परिवारसँग अथवा एक्लै भएपनि आफ्नै व्यवस्थापनमा हुनुहुन्छ भन्ने कुराहरू मेरो दाबी हो। र उहाँहरूको लागि गर्नुपर्ने व्यवस्थापनका कामहरू डाक्टरको व्यवस्था त्यस्तो ज्येष्ठ नागरिकहरूको लागि हस्पिटलको व्यवस्था र डेकेयरको व्यवस्था पार्कहरूमा, सार्वजनिक पार्कहरूमा ज्येष्ठ नागरिकलाई उपयुक्तहुने खाले वाद्यवादनहरू, गीत नाटकहरू, प्रवचनहरू यस्ता विषयहरूको व्यवस्थापन र त्यहाँ भित्र ज्ञान केन्द्रहरू, पुस्तकालयहरू, त्यस्तो व्यवस्थापनमा हामी जानुपर्छ भन्ने कुराहरू म राख्न चाहन्छु। यस्तै गरेर ज्येष्ठ नागरिकको थोरैतिनो जोहो गरेको रकम बैंक खाताहरूमा हुनसक्छ, उहाँहरूसँग पैतृक सम्पत्ति हुनसक्छ । यसको बारेमा पनि बहस सुरु गर्नुपर्छ होला जस्तो मलाई लाग्छ। उहाँहरू बाचुन्जेल उहाँको पुस्ताले उहाँको चाहिँ दर्शनताले अथवा उहाँहरूका आफन्तहरूले हेर्दैनन् तर सात पुस्ता उठाएर चाहिँ उहाँहरूको पैत्रिक दरसन्तानले दावा गर्न आइराखेको अवस्था हुन्छ। त्यसो भएको हुनाले त्यो व्यवस्थापन पनि सरकारले गर्ने हो कि भन्ने कुराको एउटा बहस सुरु गर्न चाहन्छु यति कुराहरू राख्दै मेरो भनाइ यहीँ अन्त्य गर्छु। हवस् धन्यवाद ।

(१४:३७ बजे)**सम्माननीय अध्यक्ष** :- माननीय सदस्यहरू, "विशेष समय" मा माननीय सदस्यहरूले बोल्ने क्रम यहीं समाप्त हुन्छ। माननीय सदस्यहरू, राष्ट्रपतिको कार्यालयबाट कार्यभार तोकिएकोसम्बन्धी पत्र प्राप्त हुन आएको छ, अब म, उक्त पत्रको बेहोरा जानकारी गराउँछु।

सम्माननीय राष्ट्रपति श्री रामचन्द्र पौडेलज्यूबाट सम्माननीय प्रधानमन्त्री श्री पुष्पकमल दाहाल 'प्रचण्ड'ज्यू सम्वत् २०८१ साल जेठ २७ गते आइतवार मित्रराष्ट्र भारतका नवनियुक्त प्रधानमन्त्रीको शपथग्रहण समारोहमा सहभागी हुन भारततर्फ प्रस्थान गर्नु हुने भएकोले वहाँको अनुपस्थितिमा प्रधानमन्त्रीले गर्नुहुने दैनिक प्रशासनिक कार्य नेपालको संविधान बमोजिम सम्माननीय प्रधानमन्त्रीज्यूको सिफारिसमा माननीय उपप्रधानमन्त्री एवं भौतिक पूर्वाधार तथा यातायात मन्त्री रघुबीर महासेठज्यूले सम्हाल्ने गरी तोक्नुभएको बेहोरा सादर अनुरोध गर्दछु।

(डिल्ली राम शर्मा)
सचिव
मिति २०८१ जेठ २७

माननीय सदस्यहरू, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट मन्त्रिपरिषद् सदस्यको कार्यभार तोकिएकोसम्बन्धी पत्र प्राप्त हुन आएको छ, अब म, उक्त पत्रको बेहोरा जानकारी गराउँछु।

माननीय श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्री डोलप्रसाद अर्याल स्वीट्जरल्याण्डको जेनेभामा आयोजना हुने अन्तर्राष्ट्रिय श्रम सम्मेलन इन्टरनेशनल लेवर कन्फेरेन्समा सहभागी हुन संवत् २०८१ साल जेठ २७ गते त्यसतर्फ प्रस्थान गर्नुहुने भएकोले उहाँको अनुपस्थितिमा उहाँले सम्हाल्दै आउनुभएको श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको कार्यभार प्रधानमन्त्रीज्यूबाट माननीय उपप्रधानमन्त्री एवं गृह मन्त्री रवि लामिछानेले सम्हाल्ने गरी तोक्नुभएको बेहोरा अनुरोध गर्दछु।

(बैकुण्ठ अर्याल)
मुख्य सचिव

माननीय सदस्यहरू, माननीय सदस्य सोनाम गेल्जेन शेर्पा प्रस्तावक र माननीय सदस्य जग प्रसाद शर्मा, माननीय सदस्य कृष्णबहादुर रोकाय, माननीय सदस्य भगवती न्यौपाने, माननीय सदस्य मदन कुमारी शाह (गरिमा), माननीय सदस्य मोहम्मद खालिद, माननीय सदस्य तुल प्रसाद विश्वकर्मा, र माननीय सदस्य शेखर कुमार सिंह समर्थक भई "सवारी दुर्घटना न्यूनीकरणसम्बन्धी" विषयको जरुरी सार्वजनिक महत्त्वको प्रस्ताव दर्ता गर्नु भएको बेहोरा जानकारी गराउँछु।

माननीय सदस्यहरू, अब म, उक्त जरुरी सार्वजनिक महत्त्वको प्रस्तावका प्रस्तावक माननीय सदस्य सोनाम गेल्जेन शेर्पालाई उक्त प्रस्ताव पेस गर्न समय दिन्छु। समय ९ मिनेट।

(१४:४१ बजे)**माननीय श्री सोनाम गेल्जेन शेर्पा(सभापति, संघीयता सबलीकरण तथा राष्ट्रिय सरोकार समिति)**:-सम्माननीय अध्यक्षज्यू, सम्माननीय अध्यक्ष महोदयको अनुमतिले प्रस्तावक र माननीय जग प्रसाद शर्मा, माननीय सदस्य कृष्णबहादुर रोकाय, माननीय भगवती न्यौपाने, माननीय मदन कुमारी शाह (गरिमा), माननीय मोहम्मद खालिद, माननीय तुल प्रसाद विश्वकर्मा, र माननीय शेखर कुमार सिंह समर्थक रही सरल सडक दुर्घटना र त्यसबाट हुने क्षति न्यूनीकरण सम्बन्धमा राष्ट्रिय सभा नियमावली, २०७५ को नियम ६६ बमोजिम जरुरी सार्वजनिक महत्त्वको प्रस्ताव पेस गर्दछु। प्रस्तावको बेहोरा म यहाँ प्रस्तुत गर्न चाहन्छु।

सम्माननीय अध्यक्ष महोदय, नेपालमा हरेक वर्ष सवारी दुर्घटना र त्यसबाट भएको धनजनको क्षतिको बारेमा समाचार आइरहेका छन्। गएको महिना वैशाखको एक देखि ३० गतेसम्म अवधिमा देशभर भएका १५९४ सवारी दुर्घटनामा परी १८१ जनाको मृत्यु भएको छ भने ४८७ जना गम्भीर र २२३४ जना सामान्य घाइते भएका छन्। चालु आर्थिक वर्षको पहिलो १० महिनामा साउनदेखि वैशाख ३० गतेसम्म अवधिमा १९,२६३ सवारी दुर्घटना हुँदा १९३२ जना को मृत्यु भएको ट्राफिक प्रहरीले जनाएको छ। ५०९४ गम्भीर र २१,१४१ सामान्य घाइते भएको प्रहरीको तथ्याङ्क छ। सवारी सुरक्षामा देखिएको यस प्रकारको समस्याले मुलुकको कुल गार्हस्थ्य उत्पादनको ७ प्रतिशत क्षति पुगेको अनुमान गरिएको छ। सहरी दुर्घटना कारण जीवन गुमाउँदा र गम्भीर घाइते अपाङ्गता अवस्थामा पुग्नुपर्दा व्यक्तिगत क्षति त छँदै छ घाइते भएकाहरूको उपचारमा भएको खर्चको

कारण मुलुकले प्रत्येक वर्ष झन्डै १२ अरब २८ करोड रुपैयाँ बराबरको क्षति बेहोर्नु परेको छ। यस्तो अतिरिक्त सम्बन्धित व्यक्तिलाई निजको परिवारमा जाने आर्थिक समस्या मानवीय क्षति र त्यसकारण परिवारमा पर्न जाने दुरगामी प्रभाव झन् अकल्पनीय हुन्छ। सवारी दुर्घटनासम्बन्धी विभिन्न अध्ययनबाट प्राप्त तथ्यहरूलाई अनुसूचीमा समावेश गरिएको छ दिगो विकास लक्ष्य अनुशासन २०३० सम्ममा सवारी दुर्घटना कारण अकाल मृत्यु र घाइते सङ्ख्यालाई आधामा झार्ने विश्वव्यापी लक्ष्य पूरा गर्ने नेपालको पनि दायित्व हो। नेपालको संविधानमा मौलिक हकमा सम्मानपूर्वक बाँच्न पाउने र आधारभूत स्वास्थ्यको हक सुनिश्चित गरिएको छ। मौलिक हकको सुनिश्चितता गर्नु सरकारको दायित्व हुन्छ। तसर्थ सवारी दुर्घटनालाई न्यूनीकरण गर्ने र दुर्घटनामा परी ज्यान गुमाउने परिवारलाई उचित क्षतिपूर्ति, घाइतेको उद्धार र उपचार, अपाङ्गता भएका नागरिकलाई उचित प्रबन्ध र मर्यादित श्रमको प्रवर्धनको लागि चालक एवं सहचालकको लागि परामर्श केन्द्र, गुनासो सुनुवाइ गर्ने निकायको व्यवस्था साथै आम नागरिकको बीचमा सडकको सही प्रयोगबारे चेतना अभिवृद्धि अभियान लगायत विषयमा तत्काल कदम चाल्न आवश्यक देखिएकोले यो जरुरी सार्वजनिक महत्त्व पेस गरेको छु।

सम्माननीय अध्यक्ष महोदय, प्रस्ताव पेस गर्नुपर्ने कारण उल्लेख गर्न चाहन्छु । दोस्रोपटक संशोधन भएर पनि समस्यालाई सम्बोधन गर्न नसकेको प्रचलित सवारी तथा यातायात व्यवस्था ऐन २०४९ लाई पुनरावलोकन गरी सडक सुरक्षासम्बन्धी सवारी साधन सञ्चालन, यातायात सूचनासम्बन्धी प्रभावकारी व्यवस्थासहित संघीय संरचना अनुरूपको वर्तमान समस्या र चुनौती सम्बोधन गर्ने विधेयकहरू तत्काल संसदमा पेस गर्न सवारी चालक अनुमति पत्र प्राप्ति गर्न अनिवार्यरूपमा सवारी सञ्चालनसम्बन्धी पर्याप्त जानकारी उपलब्ध गराउन साथै चालक र सहचालकलाई अधिकतमरूपमा सचेतनामूलक कार्यक्रम र पुनर्जागरण कार्यक्रम सञ्चालन गर्न सवारी सडक सुरक्षा, सडक निर्माणसम्बन्धी स्पष्ट मापदण्ड तयार गरी तहगतरूपमा तिनै तहका निकायबाट निर्माण गरेका सडकको न्यूनतम मापदण्ड एकरुपता कामय गर्न यातायातमैत्री सडक पूर्वाधार सुरक्षा, तसर्थ सवारी तथा यातायातसम्बन्धी कानुनको पालना जस्ता विषयमा आम नागरिकलाई सचेतना अभिवृद्धि गर्दै अनुशासित जिम्मेवारी बनाउन प्रेरित गर्न, सडक दुर्घटनामा परी घाइते भएको नागरिकको उपचारको विषयलाई स्वास्थ्य बीमाको अङ्कोरूपमा व्यवस्था मिलाउन सडक दुर्घटना पनि अपाङ्गता भएका नागरिकहरूको जीवन निर्वाहको लागि रोजगारको प्राथमिकता तथा आर्थिक वृद्धिको प्रबन्ध गर्न, सवारी साधनमा सडक सुरक्षाको आवश्यक उपकरण तथा प्रविधि जडान गर्ने

व्यवस्था मिलाउनुको साथै अन्तर्राष्ट्रिय जगतमा नेपालको यातायात सुरक्षामैत्री छ भन्ने सन्देश प्रवाह गर्न सार्वजनिक यातायात व्यवस्थालाई सुरक्षित, सहज पहुँचयोग्य मितव्ययी र गुणस्तर बनाउन सम्माननीय अध्यक्ष महोदय, मैले पहिले उल्लेख गरेको विषयको सम्बोधन नेपाल सरकारको सम्बन्धित मन्त्रालयबाट भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय, अर्थ मन्त्रालयबाट तत्काल सम्बोधन गरोस् भन्ने माग राख्दै यो प्रस्ताव पेस गरेको छु। धन्यवाद।

(१४:४५ बजे)**<u>सम्माननीय अध्यक्ष</u>** :- माननीय सदस्यहरू, अब म जरुरी सार्वजनिक महत्त्वको प्रस्तावका समर्थक माननीय सदस्यहरूलाई उक्त प्रस्तावको समर्थन गर्न क्रमश समय उपलब्ध गराउँछु। प्रत्येक समर्थक माननीय सदस्यहरूलाई ३ मिनेटको समय निर्धारण गरेको छु। सर्वप्रथम माननीय सदस्य जगप्रसाद शर्माको तर्फबाट माननीय सदस्य गोपी बहादुर सार्की आछामी ।

(१४:४६ बजे)**<u>माननीय श्री गोपी बहादुर सार्की आछामी(नेपाल कम्युनिष्ट पार्टी, एमाओवादी केन्द्र)</u>**:-माननीय सोनाम ग्याल्जेन शेर्पाज्यूले राख्नुभएको यो जरुरी सार्वजनिक महत्त्वको प्रस्ताव जो चाहिँ सडक दुर्घटना सँग सम्बन्धित छ र यसले थुप्रै विषयहरू चाहिँ उठाएको छ। र अहिलेसम्म भएको डाटाहरूको बारेमा पनि उहाँले प्रष्ट ढङ्गले र व्याख्यात्मक र विस्तृतरूपमा राखिसक्नु भएको छ। मूलतः दुई तीन वटा विषय एउटा चाहिँ कानुनी र नीतिगतरूपमा सुधार गर्नुपर्ने विषयलाई उहाँले जोडदाररूपमा उठाउनु भएको छ विशेषगरी चाहिँ २०४९ को ऐनलाई पुनरावलोकन र संशोधन गर्ने विषय नै महत्त्वपूर्ण छ। त्यस्तै यो सवारी साधन अनुमतिपत्र लिँदाखेरि चाहिँ त्यसको प्रभावकारी ढङ्गले चाहिँ व्यवस्थापन गरिनुपर्ने, सडक पूर्वाधार व्यवस्थित छैन केरे अलि सुरक्षित खालको चाहिँ यात्रा गर्ने खालको चाहिँ छैन त्यसलाई सुधार गर्नुपर्छ र विशेष गरेर मानवीय क्षति, दुर्घटना पछि हुने मानव क्षति न्यूनीकरण गर्ने, उपचारको प्रबन्ध गर्ने र त्यसपछि चाहिँ रोजगारी र जीवनयापनको व्यवस्थापनसँ सम्बन्धित विषय र अर्को काउन्सिलिङको पाटोलाई महत्त्वपूर्ण एउटा स्थानको रूपमा चाहिँ यसलाई उठाइएको कारणले गर्दाखेरि र विशेषगरी सडक दुर्घटनाबाट हुने मानवीय क्षति, आर्थिक क्षति, मानसिक क्षति र यसले हुने राजस्वमा र राज्यको आयमा पनि भइराखेको क्षतिलाई पनि चाहिँ उठाएको छ र नेपाल सरकारको तर्फबाट विशेष गरि भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, गृह मन्त्रालय, स्वास्थ्य मन्त्रालय, अर्थ मन्त्रालयलगायतको चाहिँ

ध्यानाकर्षित गर्दै यो विषयहरू आएको हुनाले सम्माननीय अध्यक्ष महोदय, अध्यक्ष महोदयको अनुमतिले माननीय सदस्य सोनाम ग्याल्जेन शेर्पाले राख्नुभएको सवारी दुर्घटना न्यूनीकरण गर्ने सम्बन्धी जरुरी सार्वजनिक महत्त्वको प्रस्तावलाई म समर्थन गर्दछु। धन्यवाद ।

<u>सम्माननीय अध्यक्ष</u> :-माननीय सदस्य कृष्णबहादुर रोकाया ।

(१४:४८ बजे)<u>माननीय श्री कृष्ण बहादुर रोकाय(नेपाली काँग्रेस)</u>:-सम्माननीय अध्यक्ष महोदय, माननीय सोनाम गेल्जेन शेर्पाले राख्नुभएको सवारी दुर्घटना न्यूनीकरणसम्बन्धी जरुरी सार्वजनिक महत्त्वको प्रस्ताव गर्नुभएको छ र यो अत्यन्त संवेदनशील छ ।र यो नागरिकसँग जोडिएको विषय भएको हुनाले यो प्रस्ताव प्रस्तुत भएको छ । र माननीयज्यूले धेरै कुरा तथ्याङ्कमा आधारित कुराहरू यहाँ बताइसक्नु भएको छ । सम्माननीय अध्यक्ष महोदय, नेपालमा हरेक दिन सवारी दुर्घटना र त्यसबाट भएको व्यापक धनजनको क्षतिको बारेमा समाचार दिन प्रतिदिन आइरहेका छन्। विश्व स्वास्थ्य सङ्गठनका अनुसार असुरक्षित सडक भएका मध्ये पनि नेपालको अवस्था झन् खराब छ । बार्षिकरूपमा कम्तिमा २५०० देखि ३००० नेपाली नेपाली सडक दुर्घटनाका कारण ज्यान गुमाउनु पर्दछ, गुमाइरहेका छन्। सडक सुरक्षामा देखिएका यस प्रकारको समस्याले मुलुकको कुल गार्हस्थ्य उत्पादनमा ७% क्षति पुगेको अनुमान गरिएको छ। सडक दुर्घटनाका कारण ज्यान गुमाउँदा वा गम्भीर घाइते भई अपाङ्गताको अवस्थामा पुग्नु पर्दाको व्यक्तिगत क्षति छँदै छ। घाइते भएकाहरूको उपचारमा भएको खर्चका कारण मुलुकले प्रत्येक वर्ष धेरै ठुलो चाहिँ राशी बेहोर्नु परिरहेको छ।

सम्माननीय अध्यक्ष महोदय, यसका अतिरिक्त सम्बन्धित व्यक्ति वा निजको परिवारमा पर्न जाने आर्थिक समस्या, मानसिक क्षति र त्यसका कारण परिवारमा पर्न जाने दुरगामी प्रभाव झन् अकल्पनीय हुन्छ। सडक दुर्घटनामा परी घाइते भएका नागरिक उपचारको लागि स्वास्थ्य बिमाको अनिवार्य रूपमा केरे व्यवस्था मिलाउन जरुरी छ भने अपाङ्गता भएका नागरिकको जीवन निर्वाहका लागि राज्यले रोजगारीमा प्राथमिक दिनुपर्दछ। सवारी साधनहरूमा सडक सुरक्षाका आवश्यक उपकरण र प्रविधि जडान गर्ने व्यवस्था मिलाउनका साथै अन्तर्राष्ट्रिय जगतमा नेपालको यातायात सुरक्षा मैत्री सन्देश प्रवाह गर्नुपर्दछ। त्यसकारण सार्वजनिक यातायात व्यवस्थापनलाई सुरक्षित, सहज पहुँचयोग्य र गुणस्तरीय बनाउन जरुरी छ।

सम्माननीय अध्यक्ष महोदय, दिगो विकास लक्ष्य अन्तर्गत २०३० सम्म सडक दुर्घटना कारण तत्काल मृत्यु भएका घाइतेहरू सङ्ख्यामा आधा झार्ने विश्वव्यापी लक्ष्य पूरा गर्ने हाम्रो नेपाल

देशको पनि चाहिँ दायित्व हो। नेपालको संविधानमै मौलिक हकमा समानपूर्वक बाँच्न पाउने र आधारभूत स्वास्थ्यको हक सुरक्षित गरिएको छ। मौलिक हक सुनिश्चित गर्नु सरकारको दायित्व। त्यसकारण सम्माननीय अध्यक्ष महोदय, अध्यक्ष महोदयको अनुमतिले माननीय सदस्य सोनाम गेल्जेन शेर्पाले राख्नुभएको सवारी दुर्घटना न्यूनीकरण गर्ने सम्बन्धी जरुरी सार्वजनिक महत्त्व प्रस्तावलाई म समर्थन गर्दछु। धन्यवाद।

<u>सम्माननीय अध्यक्ष</u> :-माननीय सदस्य भगवती न्यौपाने ।

(१४:५१ बजे)<u>माननीय श्री भगवती न्यौपाने (नेपाल कम्युनिष्ट पार्टी, एमाले)</u>:-सम्माननीय अध्यक्षज्यू, माननीय सदस्य सोनाम गेल्जेन शेर्पाले सवारी दुर्घटना न्यूनीकरण गर्ने सम्बन्धी जरुरी सार्वजनिक महत्त्वको प्रस्ताव माथि हामी छलफल गरिराखेका छौं। वास्तवमा यो कतिपय कामहरू विषयहरू यस्ता हुन्छन् जुन सरकारले एकदम प्राथमिकताका साथ तत्काल समस्याका समाधान गर्नुपर्ने विषयहरू हुन्छन्। त्यस्तै माननीयज्यूले राख्नुभएको प्रतिवेदनमा उहाँले विस्तृतरूपमा सबै कुरा समेटेर राख्नुभएको छ। समस्याहरू किन हुन्छन् तथ्याङ्कसहित पनि उहाँले राख्नुभएको छ समाधानको उपाय के हो भन्ने विषयमा पनि उहाँले प्रष्टसँग राख्नुभएको छ। त्यसैले म सरकारको ध्यानाकर्षण पनि गराउन चाहन्छु म सरकारलाई अनुरोध गर्न चाहन्छु। प्रतिवेदनमा जे कुरा उल्लेख गरिएको छ यो निकै चाहिँ एउटा अत्यन्तै संवेदनशील विषय हो। त्यसैले यो विषयमा चाहिँ सरकारले एकदमै प्राथमिकतामा राखेर संवेदनशील ढङ्गले यसको समाधान गर्नुपर्छ भन्ने चाहिँ म जोडदाररूपमा चाहिँ राख्न चाहन्छु। यो हामी कति समयसम्म शोकाकुल वातावरणमा बसिरहन सक्छौं। दिनदिनै घटना घटेको घट्यै छ सडक दुर्घटनाको घटना दैनिकरूपमा औसत मृत्यु हुनेको सङ्ख्या ६ देखि ७ छ। संयुक्त राष्ट्र संघले चाहिँ २०११ देखि २०२० सम्मलाई सडक सुरक्षा दशक पहिलो पहिलो सुरक्षा दशकको रूपमा घोषणा गरेको थियो भने त्यस्तै गरेर २०२१ देखि २०३० सम्मलाई दोस्रो सुरक्षा दशकको रूपमा घोषणा गरेको थियो। हामीले पनि त्यसलाई आत्मसात् गरेका थियौं। सडक दुर्घटना भनेको एउटा मात्रै फ्याक्टरको कारणले गर्दाखेरि हुँदैन त्यसमा धेरै फ्याक्टरहरू हुन्छन्। नीतिगत कुरा उठिसकेको जस्तै नीतिगत कुरा २०५८ को नीतिमा चाहिँ राष्ट्रिय सडक यातायात नीतिमा चाहिँ हामीले सुधार गर्न व्यापक सुधार गर्नुपर्ने छ। त्यस्तै अर्को सडकको अवस्थाको कुरा अर्को चालकको कुरा, चालकको ऐनमा व्यवस्था छ एकदम लामो दूरीमा चाहिँ एउटा ड्राइभरले गाडी चलाउँदै गर्दाखेरि लामो दुरीमा एउटै ड्राइभरले चाहिँ चलाउन हुँदैन भन्ने कुरा व्यवस्था हुँदाहुँदै

पनि त्यसलाई चाहिँ कार्यान्वयन भएको छैन। Continuously एउटै ड्राइभरले लामो दुरीको गाडी पनि चलाउने खालको स्थिति छ। त्यसैले ध्यान दिनुपर्ने कुराहरू धेरै छन्। सडकमा जस्तैः फराकिलो सडक बनाउनुपर्ने, खाल्डाखुल्डीरहित सडक बनाउनुपर्ने, यथेष्ट मात्रामा ट्राफिक सेवा चिन्हहरू जडान गर्नुपर्ने सडकमा चाहिँ सही तरिकाले land marking गर्नुपर्ने। यात्रुमैत्री संरचना निर्माण गर्नुपर्ने लगायतका धेरै समस्याहरू समाधान गर्नुपर्नेछ, ती विषयमा चाहिं सरकारको ध्यानाकर्षण पनि गराउन चाहन्छु। एउटा ऐन संघीय सवारी तथा यातायात व्यवस्था ऐन जारी गर्नुपर्नेछ, त्यो चाहिँ मन्त्रालयमा ड्राफ्ट बन्दैछ भन्ने सुनिएको छ यो विषयमा मैले मन्त्रीज्यूको चाहिँ सँग जिज्ञासा पनि राख्न चाहन्छु र सम्माननीय अध्यक्ष महोदय, अध्यक्ष महोदयको अनुमतिले माननीय सदस्य सोनाम गेल्जेन शेर्पाले राख्नुभएको सवारी दुर्घटना न्यूनीकरण गर्ने सम्बन्धी जरुरी सार्वजनिक महत्त्वको प्रस्तावलाई म समर्थन गर्दछु। धन्यवाद ।

<u>सम्माननीय अध्यक्ष</u> :-माननीय सदस्य मदनकुमारी शाह (गरिमा)।

(१४:५५ बजे)<u>माननीय श्री मदन कुमारी शाह(गरिमा)(नेपाल कम्युनिष्ट पार्टी, एकीकृत समाजवादी)</u>:-सम्माननीय अध्यक्षज्यू, आज हामी सवारी दुर्घटना न्यूनीकरण गर्ने विषयमाथि छलफल गरिरहेका छौं। हिजो मात्र हामीले समाचार पढ्न र हेर्न पायौं अछाम र दैलेख जोड्ने कर्णाली नदीमा बनेको झोलुङ्गे पुलका लट्ठा चुडिँदा त्यसमा यात्रा गरिरहेका घोडाहरू त्यसमा फस्न गएर उद्धारको क्रममा दुई घोडाको मृत्यु भयो। यसमा मान्छे पनि हुन सक्थे। भने ७ घण्टाभन्दा बढी समय जनावरहरूले निर्दोष जनावरहरूले कष्ट भोग्नुपर्यो। यसप्रति म दुःख व्यक्त गर्न चाहन्छु। र मृतक घोडाका मालिकलाई राहतको व्यवस्था गरियोस् भन्ने माग गर्दछु।

सम्माननीय अध्यक्षज्यू दुर्घटनाबाट मृत्यु हुने र घाइते मात्र प्रभावित हुँदैन। उसमाथि आश्रित सिङ्गो परिवार आर्थिक र मानसिकरूपमा दुरगामी रूपले प्रभावित हुन्छ। अन्ततः यसको असर राज्यले नै बेहोर्नुपर्छ। सवारी दुर्घटनाका कारण हुने क्षतिका सम्बन्धमा संयुक्त राष्ट्रको प्रक्षेपण अनुसार मुलुकको कुल गार्हस्थ्य उत्पादनमा करिब ७% क्षति हुने गरेको छ। मुलुकले प्रति वर्ष झण्डै १२ अरब २८ करोड बराबरको क्षति बेहोर्नु परेको अवस्था छ भने मृत्यु हुने कारणमा सडक दुर्घटना पाँचौं स्थानमा पर्दछ। राष्ट्र सङ्घले दिगो विकास अन्तर्गत सन् २०३० सम्म सडक दुर्घटनाबाट मृत्यु र घाइते हुनेको सङ्ख्या घटाएर आधामा झार्ने लक्ष्य लिएको छ र हामीले पनि

हामीले पनि प्रतिबद्धता जनाएका छौं। हाम्रो संविधानले सम्मानपूर्वक बाँच्न पाउने अधिकार र आधारभूत स्वास्थ्यको हक सुनिश्चित गरेको छ तसर्थ सडक सुरक्षासम्बन्धी सवारी साधन सञ्चालन यातायात सूचना सम्बन्धी प्रभावकारी व्यवस्था र संघीय संरचना अनुरूपको ऐन बनाउन आवश्यक भएकोले सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ लाई तुरुन्त पुनरावलोकन गरियोस्, सडक सुरक्षाको विषय अन्तरनिकाय सम्बन्धित भएका कारण सडक सुरक्षा परिषद् बनाउने कि यसमा सरकारले सोचोस् भन्ने अनुरोध गर्न चाहन्छु । सडक घाइतेको स्वास्थ्य उपचारलाई बीमाको अङ्ग बनाउने, सडक सुरक्षा शिक्षा विद्यालय शिक्षामा अनिवार्य सामेल गर्ने, सडक पूर्वाधार निर्माण र मर्मत सम्भारमा विशेष ध्यान दिने सडक निर्माणसम्बन्धी स्पष्ट मापदण्ड तय गरिनुका साथै त्यसमा एकरुपता नीति लिन पनि आवश्यक रहेको छ भन्दै म सम्माननीय अध्यक्ष महोदय, अध्यक्ष महोदयको अनुमतिले माननीय सदस्य सोनाम गेल्जेन शेर्पाले राख्नुभएको सवारी दुर्घटना न्यूनीकरण गर्ने सम्बन्धी जरुरी सार्वजनिक महत्त्वको प्रस्तावलाई म समर्थन गर्दछु। धन्यवाद।

<u>सम्माननीय अध्यक्ष</u> :-माननीय सदस्य मोहम्मद खालिद। माननीय सदस्य मोहम्मद खालिद। माननीय सदस्य मोहम्मद खालिद। त्यसपछि माननीय सदस्य तुल प्रसाद विश्वकर्मा।

(१४:५७ बजे)<u>माननीय श्री तुल प्रसाद विश्वकर्मा(राष्ट्रिय जनमोर्चा)</u>:-सम्माननीय अध्यक्ष महोदय, माननीय सोनाम गेल्जेन शेर्पाले प्रस्तुत गर्नुभएको सार्वजनिक सवारी दुर्घटना न्यूनीकरण गर्ने सम्बन्धी सार्वजनिक महत्त्वको प्रश्न, प्रस्ताव अत्यन्त संवेदनशील र गम्भीर छ। र र वर्षेनी हजारौंको सङ्ख्यामा सडक दुर्घटनाबाट मृत्यु हुने घाइते हुने र अङ्गभङ्ग हुने यात्रुहरूको सङ्ख्या बढिरहेको छ। त यसको गम्भीरतालाई हेरेर यो प्रस्ताव आएको कुरा सर्वविदितै छ। त्यसैले विशेष गरेर सडक सञ्जालको जुन चाहिँ नि स्तर हो, सडकको चाहिँ नि स्तर राम्रो नभएको कारणले धेरै ठाउँमा सवारी दुर्घटना भएको छ। त्यसको साथसाथै चालकहरूको एकल चालकले लामो दुरीको यात्रा गराउने का साथै कतिपय अवस्थामा उनीहरूलाई हुनुपर्ने जुन एउटा सवारी नियमसम्बन्धी जुन किसिमको एउटा काउन्सिलिङ हुनुपर्ने हो। दुर्घटनाहरू निम्तिएको कुराहरू छ। विशेष गरेर यो सबै दुर्घटनासम्बन्धी जुन ऐन छ । त्यसलाई पनि पुनरावलोकन गरेर अहिलेको परिस्थिति अनुसार सबै कानुनहरूलाई परिमार्जन गरेर यो सडक दुर्घटनालाई न्यूनीकरण गर्नको लागि सरकारलाई मैले जोडदाररूपमा आह्वान गर्दछु र धेरै कुराहरू यहाँ प्रवक्ता माननीयज्यूहरूले उठाइसक्नु भएको छ।

त्यसैले अध्यक्ष महोदयको अनुमतिले मैले माननीय सदस्य सोनाम गेल्जेन शेर्पाले राख्नुभएको सवारी दुर्घटना न्यूनीकरण गर्ने सम्बन्धी जरुरी सार्वजनिक महत्त्वको प्रस्तावलाई म समर्थन गर्दछु। धन्यवाद।

(१४:५९ बजे)<u>सम्माननीय अध्यक्ष</u> :-माननीय सदस्य शेखर कुमार सिंह। माननीय सदस्य शेखर कुमार सिंह।माननीय सदस्य शेखर कुमार सिंह।

माननीय सदस्यहरू, अब म सवारी दुर्घटना न्यूनीकरणसम्बन्धी विषयको जरुरी सार्वजनिक महत्त्वको प्रस्ताव माथिको छलफल प्रारम्भ हुन्छ।उक्त प्रस्तावमाथिको छलफलमा भाग लिन चाहनुहुने माननीय सदस्यहरूको नाम प्राप्त हुन आएको छ। छलफलमा भाग लिनुहुने प्रत्येक माननीय सदस्यलाई ३ मिनेटको समय निर्धारण गरेको छु। अब म क्रमशः समय उपलब्ध गराउछु। सर्वप्रथम माननीय सदस्य श्रीकृष्णप्रसाद अधिकारी।

(१५:०० बजे)<u>माननीय श्रीकृष्ण प्रसाद अधिकारी(नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)</u>:- सम्माननीय अध्यक्ष महोदय, माननीय सोनाम ग्याल्जेन शेर्पाले राख्नुभएको सवारी दुर्घटनासँग सम्बन्धित जरुरी सार्वजनिक महत्त्वको प्रस्ताव यो तथ्यमा आधारित र एकदम तथ्यपूर्ण चाहिँ प्रस्ताव आएको छ र यो समस्या विगत केही दिनको डाटालाई हेर्दा एउटा विकराल समस्याको रूपमा नै दुर्घटनाहरू बढिराखेका छन्। मानवीय क्षति र भौतिक क्षतिको मात्रा बढ्दै गएको छ सिङ्गो उत्पादनमा, जनजीवनमा ७% चाहिँ प्रभावित भएको कुरा अवगत नै छ। यो समस्या निराकरण गर्नको लागि सर्वप्रथम ४९ को कानुनलाई संशोधन गर्ने कुरा, त्यसैगरी गएर प्राकृतिक प्रकोप भूकम्प आदिबाट हाम्रा सडकहरू चाहिँ स्तरहीन बनेका छन्। त्यहाँमाथि हाम्रो स्काभेटर र त्यसपछि गएर चाहिँ गाउँले चाहिँ इन्जिनियरिङ बिनायोग्यताको इन्जिनियरिङ र मिनि ट्रक छिर्ने भइसकेपछि त्यो बाटो पूर्ण भयो भन्ने सोचले पनि चाहिँ सडकहरू चाहिँ राम्रा छैनन् ।गुणस्तरीय छैनन् सडक सुधार गर्नुपर्ने कुराहरू छन्। त्यसैगरी ट्राफिक नियम पालना गर्ने र गराउने कुरामा दुवैतर्फ ध्यान दिनुपर्ने चाहिँ जरुरी छ। त्यसैगरी सवारी साधन प्रयोग गर्दाखेरिमा चाहिँ झुण्डिएर, छतमा बसेर यात्रा गर्ने प्रक्रियालाई नियन्त्रण गर्ने चाहिँ छ। त्यसको लागि क्षति भएका परिवारहरूलाई त्यसको चाहिँ शिक्षा स्वास्थ्य र रोजगारमा चाहिँ ध्यान दिनुपर्ने कुराहरू छ, यी कुराहरू राख्दै माननीय सभामुख सभा अध्यक्षमार्फत म सोनाम शेर्पाज्यूले राख्नुभएको यो जरुरी सार्वजनिक महत्त्वको प्रस्तावलाई समर्थन गर्छु। धन्यवाद ।

**सम्माननीय अध्यक्ष** :-माननीय सदस्य पदम बहादुर परियार ।

(१५:०२ बजे)**माननीय श्री पदन बहादुर परियार (नेपाली काँग्रेस)**:-सम्माननीय अध्यक्ष महोदय, २०७५/७६ आर्थिक वर्ष २०७५/७६ देखि आर्थिक वर्ष २०८०/८१ को माघसम्ममा नेपाल प्रहरीको एउटा तथ्याङ्कले के भन्छ भने १,१२,२३६ वटा दुर्घटनाहरू नेपालमा भएका छन् र त्यस मध्येमा १४,०९४ जनाको मृत्यु भएको छ र ३२,१०२ जना गम्भीर घाइते भएका छन्। त्यति मात्र होइन २०७५ सालमा १३,३६६ जना जति चाहिँ दुर्घटना हुने गरेकोमा यो सङ्ख्या पाँच वर्षमा ह्वात्तै बढेर २३,५९७ मा पुगेको छ । यसले पनि सडक दुर्घटनाको अवस्था कस्तो छ भन्ने यो तथ्याङ्कले पनि प्रस्तुत गर्दछ।

सम्माननीय अध्यक्ष महोदय, म भर्खरै मात्रै मेरो जिल्लाको एउटा ज्यादै दुःखद् घटनामा सहभागी भएर आएको थियो। त्यहाँ एउटा सडक दुर्घटनामा परेर एकजना होनहार राष्ट्रसेवक इन्जिनियर प्रविण कैनी बिल्नुभयो । त्यहाँको त्यो दुःखद् क्षण सम्झिँदाखेरि सडक दुर्घटनाको प्रभाव कति धेरै हुँदोरहेछ भनेर त्यसलाई महसुस गर्न सकिँदो रहेछ । म स्वर्गवासी इन्जिनियर प्रविण कैनीप्रति हार्दिक श्रद्धाञ्जली प्रकट गर्न चाहन्छु भने उहाँहरूको शोकमग्न परिवारजनप्रति समवेदना, हार्दिक समवेदना प्रकट गर्न चाहन्छु। यसरी यो सडक दुर्घटना र अपाङ्गताको बीचमा प्रत्यक्ष सम्बन्ध रहेको म जानकारी गराउन चाहन्छु। धेरैजसो अपाङ्गता वरण गर्ने व्यक्तिहरूमा एउटा मुख्य कारण सडक दुर्घटना हुने गरेको छ। मेरो एकजना मित्र हुनुहुन्छ उहाँले सधैं भन्नुहुन्छ, सडक दुर्घटना हुने बित्तिकै व्यक्तिहरूले के के कुराहरू सोच्नुहुन्छ होला। उहाँ भन्नुहुन्छ कति धेरै व्यक्तिहरू अपाङ्गता भयो होलान्, कति धेरै घाइते भए होलान् भनेर म सोच्छु जहिले पनि भनेर उहाँले भन्नुहुन्छ यसले पनि त्यो अवस्था कस्तो छ भनेर बताउँछ तसर्थ हामीले सचेतना वृद्धि गर्नु ज्यादै महत्त्वपूर्ण छ । आवश्यक कानुनी प्रबन्ध मिलाउनुपर्ने छ। सडक पूर्वाधारलाई असाध्यै सुधार गर्नुपर्ने आवश्यकता छ। यी सबै कामहरू गर्नको लागि माननीय सभाध्यक्ष महोदयको आज्ञाले माननीय सोनाम ग्याल्जेन शेर्पा प्रस्तावक र आठ जना अन्य माननीय ज्यूहरूले प्रस्ताव गर्नुभएको सवारी दुर्घटना न्यूनीकरण गर्ने सम्बन्धी जरुरी सार्वजनिक महत्त्वको प्रस्तावलाई म र मेरो पार्टीको तर्फबाट समर्थन गर्न चाहन्छु। धन्यवाद।

**सम्माननीय अध्यक्ष** :-माननीय सदस्य इन्दिरा देवी गौतम।

(१४:०५ बजे)<u>माननीय श्री इन्दिरा देवी गौतम (नेपाल कम्युनिष्ट पार्टी, एमाले)</u>ः-सम्माननीय अध्यक्षज्यू, सामाजिक सञ्चार माध्यमबाट सुनिने र देखिने दुर्घटनाका दृश्यले हामी सबैलाई अत्यन्त पीडाबोध हुन्छ। भने दुर्घटनामा ज्यान गुमाउने अङ्गभङ्ग भएका, घाइते भई लामो समयसम्म उपचार गराइरहनु पर्ने घाइते र परिवारका सदस्यहरूको अवस्था झन् कस्तो होला कल्पना समेत गर्न सकिँदैन दुर्घटनाबाट हुने मानवीय र आर्थिक क्षतिको अवस्था चिन्ता जनतक छ। हामी यात्रामा निस्कँदा सुरक्षित सकुशल गन्तव्य समयमा पुगिन्छ कि पुगिँदैन, त्रसित भएर सधैं यात्रा गर्नुपर्ने अवस्था छ। हाम्रो सडक सञ्जालको अवस्थाभन्दा बढी मात्रामा सवारी साधन गुडेको देखिन्छन्। हाम्रो देशको भौगोलिक अवस्थालाई हेर्दा, सुगम र दुर्गम स्थानमा चल्ने सवारी साधन निकै पुराना र प्रदूषणयुक्त, गुडाउनै नमिल्ने सवारी साधन पनि गुडिरहेको देखिन्छ। सवारीचालक, सवारी साधन, सडकको अवस्था, सडक प्रयोगकर्ता, पैदल यात्री र मौसमसमेत दुर्घटनाका कारण बनेका छन्। सयौं यात्रीलाई गन्तव्यमा पुऱ्याउने चालकको स्वास्थ्य र मानसिक अवस्था ठिक हुनुपर्ने हुँदा चालकले लामो, छोटो र मझौला रुटमा दैनिक धेरै समय सवारी साधन चलाउँदा थकाई, अनिद्रा, तनावमा रहेको अवस्थामा अवस्था पनि दुर्घटनाको जोखिम रहेको हुन्छ। ट्रायल नदिई परिचयपत्र लाइसेन्स प्राप्त गरेका चालक र सिकारुहरूले यात्री बोकेको साधन चलाउँदा पनि चलाउने कारणले पनि दुर्घटना बढेको देखिन्छ। हामीले सडक बनाउनु भन्दा अगाडि अध्ययन गर्ने प्रणाली कस्तो बनाएका छन् भन्ने सवाल र बनेका सडकको पनि गुणस्तर र कस्ता खालका सवारी साधन चलाउन मिल्छ कस्ता खालका सवारी साधन चल्न सक्छन् भन्ने सवाल पनि महत्त्वपूर्ण हुन्छ। पुराना गाडी, गुड्नै नहुने सवारी साधन गुडिरहेका छन् । यसको अनुगमन, निगरानि र नियन्त्रण क्षेत्रमा पनि ध्यान दिनुपर्दछ। पैदल यात्री मैत्री सडकको व्यवस्था नहुँदा सडक नियमको पालना नगरी जथाभावीबाट पैदल यात्रा गर्दाका कारण पनि घटना दुर्घटना घट्ने गरेका छन्। यसको लागि सचेतनाको आवश्यक देखिन्छ। यी विविध कारणले अति दुर्घटनाबाट धनजनको निकै ठुलो क्षति भइरहेको हुनाले यो जरुरी सार्वजनिक महत्त्वको प्रस्ताव पेस गरिएको छ। माननीय सोनाम गेल्जेन शेर्पाले प्रस्तुत गर्नुभएको यो प्रस्तावको अरु माननीयज्यूहरूले समेत दलगतरूपमा समर्थन गर्नुभएको यस प्रस्तावमा म पनि समर्थन गर्दछु। यस प्रस्तावमा आठवटा दुर्घटनाका कारण र २६ वटा सुझाव प्रस्तुत गरिएको छ, यसलाई महत्त्वका साथ लिइनुपर्दछ। सडक अनुशासनको पालना, सडक सुरक्षा अडिट, सवारी साधनको टेस्ट र सवारीचालकको अवस्था र सार्वजनिक सडक ऐनको कार्यान्वयनमा सम्बन्धित निकायहरूले आफ्नो कर्तव्यप्रति इमान्दार, सक्रिय भएर कडाइका साथ यस प्रस्तावको कार्यान्वयन गर्ने (.... समय सकिएको) ।

**सम्माननीय अध्यक्ष** :-माननीय सदस्य जयन्ती देवी राई।

(१५:०९ बजे)**माननीय श्री जयन्ती देवी राई (नेपाल कम्युनिष्ट पार्टी, एकीकृत समाजवादी)**:- सम्माननीय अध्यक्ष महोदय, माननीय सोनम गेल्जेन शेर्पाले जुन सडक दुर्घटनाबाट न्यूनीकरण गर्ने अत्यन्तै महत्त्व, जरुरी सार्वजनिक महत्त्वको प्रस्तावमाथि म पूर्ण समर्थन गर्न चाहन्छु र यो दुर्घटना आज मात्रै होइन धेरै, वर्षौंदेखि चाहिँ हुँदै आइरहेको दुर्घटना जसले गर्दाखेरि आज मान्छेको बाँच्ने अधिकार, मानव अधिकार, मौलिक अधिकारको चरम यसको चाहिँ हनन् भइरहेको कुरा राज्यले यो हेक्का राख्नुपर्दछ भन्ने म अनुरोध गर्न चाहन्छु।

सम्माननीय अध्यक्ष महोदय, अहिले दिनको झण्डै झण्डै आठ जनाको दरले चाहिँ आज यात्रीहरू, जनताहरूको मृत्यु भइरहेको छ र वर्षको २४ देखि २५ हजारसम्म चाहिँ मृत्यु भइरहेको छ। यो एकदमै कम शक्ति होइन जसले धेरै कुराहरूमा अघि माननीयज्यूले भन्नुभएको थियो। कि यसले धेरै क्षेत्रमा प्रभाव पारिरहेको छ। स्वास्थ्यमा, शिक्षामा, सामाजिक क्षेत्रमा यसले आर्थिकरूपमा उत्पादनमा मानसिकरूपमा यी सबै कुराहरूको क्षति एकदमै राज्यले बेहोर्नु परिरहेको स्थिति छ। त्यसकारणले यो सडक दुर्घटना एउटै मात्रै पक्ष होइन विभिन्न पक्षबाट भइरहेको छ। गुणस्तरीय हाम्रो सडक छैन, हामीसँग चाहिँ कन्डिसनको सवारी साधनहरू छैन, हामीसँग चाहिँ त्यस्तो किसिमको चाहिँ अब एकदमै सिपयुक्त, क्वालिटी युक्त, ड्राइभर सवारी चालकहरू छैन । त्यसकारणले पनि आज हामीले जुन बनेको यससम्बन्धी बनेको ऐन, नियमहरूलाई पनि हामीले चाहिँ एउटा प्रभावकारी ढङ्गले अनुगमन र कार्यान्वयन गरिएका छैन। अहिले हरेक सवारीका साधनहरू चेक जाँच गर्ने कुराहरूमा हामी लापरवाही गरिरहेका छौं । त्यसको कन्डिसन के छ? अत्यधिक सवारी साधन दुर्घटना भनेको त्यसको चाहिँ कन्डिसनको खराब, ब्रेक फेल भएर भइरहेको छ भने अर्को यातायात जुन एकदमै गुणस्तर नभएर एउटै ठाउँमा पटकपटक चाहिँ सवारी साधनहरू दुर्घटना भइरहेको हामीले देखेका छौं र पनि त्यो त्यो बाटोहरूमा हाम्रो ध्यान गइरहेको छैन। त्यसकारणले म यहाँ के अनुरोध गर्न चाहन्छु भने हरेक चालक, सवारी चालकहरूको क्याटगोराइज गर्नुपर्यो। र आज उनीहरूलाई निजी सवारी साधन चलाउने र सार्वजनिक सवारी साधन चलाउने सवारीचालकलाई हामीले छुट्टाछुट्टै तालिम दिनुपर्यो र उनीहरूको चाहिँ license हरूको चेक गर्नुपऱ्यो। अहिले लाखौं किलोमिटर बराबर पनि हामीले एउटा रोड सेफ्टी काउन्सिल त्यस्तो किसिमको एउटा व्यवस्था गर्न सकेको छैन। त्यसको व्यवस्था गर्नुपऱ्यो र यसलाई strong कानुन

ल्याउनुपर्यो अहिले चाहिँ अब यो केरे तुरुन्त ल्याएर चाहिँ यसलाई अनुगमन प्रभावकारी अनुगमन गर्नुपर्यो र सबै यो बाटोहरू जुन छ। त्यसको चाहिँ गुणस्तरीय हामीले वृद्धि गर्नुपर्छ र पटकपटक भइरहेको त्यो सवारी साधन भएको ठाउँमा हामीले त्यसलाई..... ( समय सकिएको) ।

(१५:१२ बजे)<u>सम्माननीय अध्यक्ष</u> :-माननीय सदस्यहरू, अब म माननीय उपप्रधानमन्त्री एवं भौतिक पूर्वाधार तथा यातायात मन्त्री रघुबीर महासेठलाई "सवारी दुर्घटना न्यूनीकरणसम्बन्धी" विषयको जरुरी सार्वजनिक महत्त्वको प्रस्तावमाथिको छलफलका क्रममा उठेका विषयहरूको सम्बन्धमा जवाफ दिन समय उपलब्ध गराउँछु।

(१५:१३ बजे)<u>माननीय श्री रघुबीर महासेठ(उपप्रधानमन्त्री एवं भौतिक पूर्वाधार तथा यातायात मन्त्री)</u>:- सम्माननीय अध्यक्षज्यू, माननीय सदस्यज्यूहरू, माननीय सोनाम शेर्पाज्यूले राखुभएको प्रस्तावमा माननीय सदस्यज्यूहरूले राखुभएको कुराहरूलाई मैले गम्भीररूपमा सुनें र यो सत्य नै हो। यसमा यो असत्य हो, यो झुठो हो, त्यो मैले भन्न खोजेको होइन। सत्य हो र यो समस्या दिनप्रतिदिन अहिले खास गरीकन अब जुन असार आइरहेको छ। ३ महिनासम्म यो अझै बढ्ने सम्भावना हुन्छ वर्षातको समयमा। र मैले सरसरी आजै मैले थाहा पाएँ, मैले राष्ट्रिय सभामा जवाफ दिनुपर्छ। र मैले प्रस्ताव खोजेर एकचोटि अध्ययन पनि गरेको छु। र सरसरी हेर्दा मलाई सबै सुझाव सरकारले पालना गर्नुपर्ने र यस अनुसार अगाडि बढ्नुपर्ने जुन उहाँहरूको राय छ। त्यो पनि सही नै छ। र वर्तमान सरकार पनि र विगतका सरकारहरूले पनि यसमा ध्यान नदिएका होइनन् तर कतिपय कारणले यो समस्याहरू समाधान हुन सकेको छैन। यस वर्षमा पनि अर्थात् यसपालि पनि हामी अघि भर्खर सुनें मैले रोड सेफ्टीको बारेमा पहिला पनि हामीले धेरै सुधारका प्रक्रियाहरू अगाडि बढाएका थियौं तर बढाउन नपाउँदै जुन अहिले हाम्रो देशको राजनीतिक स्थिति छ त्यसमा विगतका सरकारहरूले पनि काम गर्न पाएन र अहिले हामी यही काम गर्न नपाएका कुराहरूलाई फेरि व्यवस्थित गरेर अगाडि बढाउन गइरहेका छौं।

सम्माननीय अध्यक्ष महोदय, अध्यक्ष महोदयमार्फत म माननीयज्यूहरूलाई एउटा कुरा के जानकारी गराउन चाहन्छु भने अहिले रोड सेफ्टी काउन्सिलका कुराहरू उठ्यो, त्यो छ। अहिले बनिसकेको छैन, त्यो कुरा बनेको छ र गम्भीररूपमा काउन्सिलले छलफल गरिरहेको छ । आज

पनि मैले सुनें रोड काउन्सिलको बैठक बसिरहेको थियो। संजोगले मैले राष्ट्रिय सभामा बोल्नुपर्छ भनेर मैले सम्पर्क गर्दाखेरि उहाँहरूले केही जानकारी गराउनुभयो र त्यो कुराहरू जो अहिलेसम्म यो ०७५/०७६ मै हामीले तयार गरेका थियौं। जस्तो राष्ट्रिय यातायात नीति, सडक सुरक्षासम्बन्धी नीति, सडक सुरक्षा ऐन यो जस्ताको त्यस्तै थियो। हामीले बनाएर पहिला पनि हामी सरकारमा आउँदा यो दोस्रो पटक म सरकारमा आएको छु। त्यो बेलामा पनि यस्ता गम्भीर कुराहरू उठेको थियो र त्यसलाई व्यवस्थित गर्न हामीले त्यही बेलामा बनाइसकेको थियो। तर त्यो किन बढ्न सकेन त्यो मलाई थाहा छैन तर अब परामर्शको लागि सम्बन्धित मन्त्रालयहरूमा, सम्बन्धित निकायमा हामीले पठाइसकेका छौं। कतिपय ठाउँबाट परामर्श आइ पनि सकेको छ र निकट भविष्यमा हामीले प्रतिनिधिसभा र आफ्ना प्रक्रियामार्फत राष्ट्रिय सभामा पेस गर्ने तयारी पनि गरिरहेको जानकारी सम्माननीय अध्यक्ष महोदयमार्फत म गराउन चाहन्छु। अहिले धेरै कुराहरू उल्लेख छ। र यहाँ छलफलमा पनि आयो वास्तवमा सडकको कारणले मात्रै दुर्घटना हुने गरेको छ, त्यो पनि होइन। हाम्रो देशको भौगोलिक स्थिति, सरकारको अर्थनीति भन्दा पनि अब जुन हाम्रो कमजोर अर्थनीति छ अर्थात् जुन हाम्रो कमजोर नीति छ। जुन अहिले संसार आर्थिकरूपमा कमजोर परिरहेको छ आर्थिक मन्दीको रूपमा अगाडि बढिरहेको छ। हामीले जति बजेट व्यवस्थापन गर्नुपर्ने हो त्यो गर्न सकिरहेका छैनौं त्यो पनि एउटा कारण हो भने हाम्रा माननीय ज्यूहरूले बोल्नु भएको कुरा पनि ठिक के छ भनेदेखि अहिले रोड बनाउन अहिले जति पालिकाहरू छ प्राय प्राय आफ्नै प्रकारका रोडहरू छन्। बजेट आउने बित्तिकै लोडर, डोजर किन्यो र आफैं बनाउन थाल्यो। न त्यहाँ टेक्निकल्ली उहाँहरूले परामर्श लिनुहुन्छ न सडकको permission लिनुहुन्छ ।स्थानीय सरकारको अधिकार क्षेत्रभित्र परेको हुनाले हामी बाटो बनाइरहेका छौं। त्यस प्रकारका पनि गतिविधि अगाडि बढिरहेको छ। हाम्रो मन्त्रालयले पनि, सडक विभागले पनि जुन प्रकारले त्यसको व्यवस्थापन गर्न सक्नुपर्ने हो म अघि पनि भने अर्थको अभाव, हुन सकिरहेको छैन तर यस पालि २०८१।८२ को बजेटमा हामीले यी कुराहरूको व्यवस्थापनको लागि पनि बजेट छुट्याएका छौं।

खास गरीकन नेपाल जस्तो देशमा अहिले हामीले सम्म इन्टेलिजेन्ट ट्राफिक सिस्टमहरू ल्याउन सकेका छैनौं। जसले यस्ता दुर्घटनाहरूलाई कन्ट्रोल गर्ने हामीले ठाउँ ठाउँमा जुन एउटा साइनहरू दिनुपर्ने थियो। जुन सुरक्षाको दृष्टिकोणले सूचना बोर्डहरू राख्नुपर्ने थियो। टेलिभिजनमा त्यसलाई हामीले विज्ञापनमार्फत जनताको बीचमा लानुपर्ने थियो। यात्रीहरूको बीचमा लानुपर्ने थियो। त्यो हामीले गर्न सकिरहेका छैनौं। अहिले हामीले सुरुवात गरेका छौं। अहिले म यसमा

अलिकति लिपिबद्ध तरिकाले ल्याएको छु तर त्यो पढ्नु भन्दा जुन कुराहरू माननीयज्यूहरूले उठाउनुभो म अघि पनि भने यसमा मेरो विमति छैन। अब यसलाई रोक्नलाई अझ अलिकति हामीलाई समस्या केन्द्रमा भनौं न संघीय सरकारलाई के परिरहेको भने हिजोसम्म यातायात व्यवस्थाको सम्पूर्ण नेटवर्क संघीय सरकारको मातहतमा थियो। तर अहिले हामीले जति यातायात व्यवस्था विभाग अन्तर्गत जुन यातायात कार्यालयहरू थियो। अहिले मै हुँदा मै पहिलो चोटि भौतिक पूर्वाधार मन्त्री हुँदा हाम्रो संविधानको भावना अनुरूप हामीले प्रदेश सरकारहरूलाई जिम्मा लगाएका छौं।

अब हाम्रो जुन यातायात व्यवस्था विभाग छ, त्यो विभागको काम भनेको ऐन बनाउने र कार्यान्वयनको लागि तल पठाउने।लाइसेन्स दिने काम पनि तलैबाट हुन्छ। त्यसमा संघीय सरकारको कुनै हस्तक्षेप हुँदैन। हामीले पटकपटक उहाँहरूलाई निर्देशन दिइरहेका हुन्छौं। अहिले हामीले केही व्यवस्था मिलाएका छौं। केही व्यवस्था प्रदेश सरकारले पनि मिलाएको छ।ट्रायलहरू दिने गरेको त्यसको भिडियोग्राफीमार्फत प्रदेश सरकारले पनि हेर्ने संघ सरकारको पनि एउटा निकायले यसलाई चाहिँ अनुगमन गर्ने। तर यति हुँदाहुँदै पनि बेथिति सकिइसकेको छैन। यथार्थ कुरा यही हो।

म सम्मानीय अध्यक्ष महोदय मार्फत माननीय सदस्यहरूलाई के जानकारी गराउन चाहन्छु भने कि कुनै कुनै प्रदेश, संघ र यातायात विभागको अन्तरविरोध पनि बढेर जान्छ। यस्तो नगर्नुस् भन्दाभन्दै पनि हाम्रो प्रदेश सरकारको आफ्नै नियम कानुन हुन्छ त्यस अनुसार हामी गर्छौं। तर पनि यसलाई हामीले कसरी व्यवस्थित गर्ने त्यो ऐनहरू पनि बनाएर हामी तयार गरिसकेका छौं, कति हामीले पठाइसकेका छौं। जुन गाडी नम्बरहरू छ त्यसको पनि प्रयोग जुन हामीले पठाएका छौं त्यस हिसाबले तल भइरहेको अघि दुर्घटनाका कारणहरू जुन माननीय सदस्यज्यूहरूले राखुभो एउटा चालकको पनि हो। सहचालकको पनि हो। दुईटा एउटा distance अनुसार, वा दुरी अनुसार त्यो त पहिलाका सरकारको पालाहरूमा नै चालक व्यवस्था भइसकेको थियो र भइसकेको छ। तर त्यो लागू भइरहेको छैन। हामी प्रयास गरिरहेका छौं।अब एउटा मन्त्रालयको कर्मचारी यातायात कर्मचारी कहीं उभिएर कहिलेकाहीं छड्के हामी गर्छौं। तर यो मुख्यरूपमा हामी यातायात व्यवस्था विभागको कर्मचारी र ट्राफिकहरूको join operation मार्फत कहिलेकाहीं हामी चेक चाहिँ गर्छौं। यो कुराहरू हामीले जति निर्देशन दिए पनि चालकहरू धेरै बस व्यवसायीहरूले यसलाई धेरै कमले आत्मसात् गरिरहेको छ। एउटै ड्राइभरले कुरा सही हो। एउटै ड्राइभर तर यसमा अब हामीले के

गर्न सक्छौं। अहिले यातायात व्यवस्था विभागले यसतर्फ पनि आफ्ना योजनाहरू बनाइरहेको छ। अब उदाहरणको लागि हामीले जति गाडिका permit दिएका हुन्छौं। प्यासेन्जरको permit दिएका हुन्छौं। फाइभ टाइम्स बढी यसमा राखेर गरिरहेको हुन्छ। हामीले चेक गर्दा यात्रा गर्ने साथीहरूले नै यात्रीहरूले नै त्यो कुरोलाई मान्दैन। हामी दुःख भएरै जान्छौं। हामी सिट किन चाहियो? त यी यी कुराहरू जबसम्म उहाँहरूलाई हामीले सचेत गराउँदैनौं कि यसरी जाँदाखेरि दुर्घटना हुन्छ त्यतिबेलासम्म अलिकति स्थिति control भन्दा बाहिरै हुन्छ। सरदर अहिले हामीले हेर्ने हो भने सात आठ जनाको मृत्यु प्रतिदिन दरले भन्नाले करिब ३ हजार सालको त्यसलाई कन्ट्रोल गर्न सकिन्छ अस्ति भर्खरै दुई तीन महिना पहिले एउटा बोलेरो गाडीमा जहाँ हामी ११ जनाको सिटको व्यवस्थापन हुन्छ। त्यसमा २७ जना चढेर जाँदाखेरि दुर्घटनाग्रस्त भएको हो। र हामीले enquiry गर्दाखेरि जबरजस्ती चढेर, गाडी रोकेर के हामीलाई चढाएर लानुस्, होइन भने हामी गाडी अगाडि बढ्न दिंदैनौं। कहिलेकाहीँ हाम्रो यात्री वर्गबाट पनि बल जबरजस्ती चाहिँ गर्ने गरेको छ। तर त्यो कुरालाई कन्ट्रोल गर्ने त हाम्रो सरकारी निकाय नै हुनुपर्छ। स्योर नै छ त्यो। तर पनि यो सचेतना अर्थात् यो सचेतरूपमा हामीले चालक र चालक बस व्यवसायीहरूलाई जबसम्म हामीले बस व्यवसायीहरूलाई कन्भिन्स गर्दैनौ तबसम्म तबसम्म किनकि जति प्यासेन्जर बढ्यो उहाँको पैसा त बढ्ने भयो। भाडा त बढ्ने भो यात्रीको ज्यान त जोखिममा जाने भयो। त्यसकारणले यी कुराहरूको लागि नै हामीहरूले उहाँहरूलाई पनि सचेत गराउने व्यवस्था चाहिँ सरकारले मिलाउनुपर्छ। र यो कुराहरू मिलाउनलाई यातायात व्यवस्था विभागले हिजो पनि तयारी गरेको थियो र अझ यसलाई लागू गर्नको लागि पनि केही यातायात व्यवसायीहरूलाई बोलाउँदै प्रशिक्षणको व्यवस्था पनि मिलाउने गरेको जानकारी म सम्माननीय अध्यक्षज्यूमार्फत गराउन चाहन्छु।

साम्माननीय अध्यक्ष महोदय, अध्ययनले ९५% भन्दा बढी सवारी दुर्घटनाहरू मानवीय कमजोरीको कारणले भइरहेको छ जुन अघि मैले भने ड्राइवरले पनि मापसे गरेर गाडी चलाउने गरेको छ त्यो त हाम्रो ऐनमै छ व्यवस्था। समातिएको खण्डमा यो यो कारबाही गर्नेछ ।अहिले हुनसक्छ हाम्रो कारबाहीको कमी कमजोरी पनि हुनसक्छ हामीले अहिले पर्याप्त समय दिन नसकेको पनि हुनुपर्छ। यी कुराहरू अब कन्ट्रोल गर्न मन्त्रालयले सुरक्षा निकायलाई जानकारी गराउने त गरेकै छ तर बीचबीचमा यसलाई कम गर्नलाई ट्राफिक प्रहरी र यातायात व्यवस्था विभाग र मन्त्रालयको बीचमा पटकपटक छलफल पनि गर्ने गरेको छ। हामी कहाँ अहिलेसम्म डेडिकेटेड रोड सेफ्टी एक्ट छैन, बन्न बनिसक्यो मैले अघि भनिहालें। तर अहिलेसम्म जबसम्म हाम्रो प्रतिनिधि सभा

र राष्ट्रिय सभाबाट पास हुँदैन यसलाई हामीले भएको मान्दैनौं त त्यो कानुन मन्त्रालयबाट पनि परामर्श लिइसकेको छ र यो पठाउने व्यवस्था दुइटै सदनमा पठाउने व्यवस्था हामी छिटोभन्दा छिटो मिलाउन गइरहेका छौं। त्यस्तै मुग्लिन, मलेखु र कमला, बागमती खण्डमा जुन प्रकारले अहिले हाम्रो अहिले भर्खरै हामीले टेन्डर गरेर काम गरेका छौं त्यसमा आधुनिक तरिकाको सुरक्षा प्रणाली हामीले लगाइरहेका छौं।

जहाँ किनकि यो सडक चार लेनको बन्नेछ चार लेनको सँगसँगै country town भनेको अर्ध मतलब सहरतिर उन्मुख भइरहेको ठाउँहरू र सहरी क्षेत्रमा अलि विशेष व्यवस्था गर्ने र रोडहरूमा पनि हामीले सुरक्षाका दृष्टिकोणले सिसिटिभी देखि लिएर यी सबै कुरा राख्ने काम अहिले जुन हामीले सडक बनाइरहेका छौं। ७०० किलोमिटर खासगरी महेन्द्र राजमार्गमा त्यहाँ चाहिँ हामीले अहिले यो सुरक्षाका उपायहरू लागू गरेका छौं। चाहे त्यो कमला, बागमती खण्ड होस् ।चाहे त्यो कमला कञ्चनपुर खण्ड होस्। चाहे त्यो काकरभिट्टा लौकही खण्ड होस्। चाहे त्यो भरतपुर बुटवल होस् र बुटवल र गोरूसिङ्गे तीर यी सुरक्षाका उपायहरूसहितको सडक हामी बनाउन गइरहेका छौं र त्यो काम चाहिँ सुरु भइसकेको छ। राजमार्गमा पनि कहिलेकाहीँ वन्यजन्तुको आवतजावत गर्नाले र रोड क्रसिङ्ग गर्नाले पनि दुर्घटना हुने गरेको छ र अहिले जुन सडकहरू हामी बनाउन गइरहेका छौं त्यसलाई वन्यजन्तुलाई पनि ओहोर दोहोर गर्नको लागि हामीले बाटोको जङ्गलमा त नजिक नजिक पनि हामीले बाटोमुनि, सडकमुनि आन्तरिक व्यवस्था गरेर पनि यो सडक व्यवस्थापन अर्थात् बनाउन हामी गइरहेका छौं। नेपालका धेरै सडकहरू निर्माण र मर्मत सम्भारको रूपमा जति हुनुपर्ने थियो त्यो हुन सकेको छैन। त्यो यथार्थ कुरा हो। जसले गर्दा ड्राइभिङ गर्दा जोखिमपूर्ण अवस्था सिर्जना हुने गरेका छन्। र खाल्डाखुल्डी, असमान सतह, पहाडी सडकमा घुम्ती सवारी साधनको अत्यधिक चापको कारणले बारम्बार दुर्घटना पनि हुने गरेको छ। अब मुगलिङदेखि चितवन सडक एकदमै राम्रो अवस्थामा छ। तर त्यहाँ पनि त दुर्घटना भइरहेको हुन्छ। त्यो हाम्रो मानवीय त्रुटिको कारणले भइरहेको छ। त्यहाँ हाम्रो स्पीड कन्ट्रोल गर्न सक्दिनौं हामीलाई जान हतार हुन्छ अब यो स्पीड कन्ट्रोल गर्नलाई पनि हामी ठाउँ ठाउँमा CCTV को व्यवस्था गरिरहेका छौं । यहाँ गर्नेबित्तिकै बढी स्पीडमा जाननेबित्तिकै यसको जानकारी काठमाडौंमा हुन्छ। यसको जानकारी सम्बन्धित जहाँ उसको नेटवर्क जोडेको हुन्छ त्यहाँ हुन्छ। यस प्रकारका विधिहरू हामी अपनाउन गइरहेका छौं र त्यो सुरु पनि गरिसकेका छौं उचित ट्राफिक नियमहरूको कार्यान्वयन तथा

नियमनलगायतका प्रभावकारी ट्राफिक व्यवस्थापन प्रणालीको अभावले दुर्घटना दर बढाएको छ। यसमा जोइन्ट अपरेसन हुनुपर्ने थियो।

अब नेपाल सरकार यातायात व्यवस्था विभागसँग यति कर्मचारी छैन कि प्रत्येक सडकमा उसले दुईटा चारवटा कर्मचारीलाई राखेर दिनमा त सम्भव पनि छ, रातभरि चेक गर्ने त्यो पनि सम्भव छैन। यात्रीलाई जान हतार हुन्छन्। त यी कुराहरू हामीले कन्ट्रोल गर्न नसकेर पनि वास्तवमा त्यो भएको हो त्यो कुरा हामी स्वीकार गर्छौं। नेपालमा सडक गुड्ने सवारी साधनहरू पुराना र अपर्याप्त मर्मतसंभारको अवस्थामा अब हामीले २० वर्षभन्दा बढी गाडी चलाउन दिएका छैनौं तर कहिले स्ट्राइक हुन्छ। जबरजस्ती गाडी चलाउँछन् हामी रोक्न खोज्छौं। हामी यो गाडी सरकारले किन्दिनु पर्यो चाहे अल्टरनेट कुनै व्यवस्था गर्दिनु पर्यो, क्षतिपूर्ति दिनुपर्यो। त यी कुराहरू पनि यसको कारणहरू छन् यात्रु र मालवाहकहरूको सवालमा मैले अघि पनि भने ४० जनाको सिट हुन्छ १२० जना बसेका हुन्छन्। सबै खाडा मुढा कुर्सी राखेर पनि बस्ने गरेको छ। यी कुराहरू रोक्न सके पनि अघिभन्दा बढी दुर्घटनाहरू रोक्न सकिन्छ।सडक दुर्घटनाको तत्काल रेस्पोन्स गर्न आपत्कालिन रेस्पोन्स प्रणाली र चिकित्सा सुविधाहरूमा कमी छ जसले गर्दा दुर्घटनाहरूबाट उच्च मृत्युदर हुन्छन् र जसलाई समयमै रेस्पोन्सबाट बचाउन सकिन्छ। त्यो वास्तवमा हामीले अहिले ट्रमा सेन्टरको कन्सेप्ट ल्यायो नेपाल सरकारले की ठुला ठुला सडकहरूमा ट्रमा सेन्टर व्यवसाय Accident हुने बित्तिकै हात खुट्टा भाँचिने गरेको छ। कसैको टाउको फुट्ने गरेको छ त अहिले सरकारले ठाउँठाउँमा त्यसको लागि त बजेटमा व्यवस्थापन गरेको आज हैन ०७५/०७६ कै बजेटमा व्यवस्थापन गरेको छ। कहीं जग्गा मिलेको छैन। कहीं राजनीतिक कारणले यहाँ हुनुपर्छ त्यहाँ हुनुहुँदैन। यी कुराहरूले गर्दाखेरि ट्रमा सेन्टरहरूको काम धेरै ठाउँमा चाहिँ सुरुवात हुन सकेको छैन। सडक छेउमा व्यवसाय, जनावर र अनाधिकृत पार्किङको उपस्थितिले पनि दुर्घटनाको जोखिम बढाउने गरेको छ। हामी जान्छौं। कहीं मान्छे उभिएको हुन्छन्, कहीं गाई गोरु बाटैमा बाँधिएको हुन्छन्। जसलाई हामीले भनु न बरु झरेर गाडी घुमाएर हामी जान्छौं। तर त्यहाँ बाँधेको पशुहरूलाई हटाउन मान्दैन। यस्ता कुराहरूले गर्दाखेरि राती त स्पीड हुन्छ गाडी, दिउँसो पनि कुनै कुनै गाडि स्पिडमै जान्छन् र बचाउने क्रममा पनि दुर्घटना हुने गरेको छ र त्यसलाई हामीले रोक्न सक्नुपर्छ। सडक सुरक्षा अभ्यासहरू बारे जनचेतनाको सामान्य अभाव छ। सामान्य होइन हामी भनौं न अभाव त छ मैले अघि पनि भने यसलाई हामीले टिभीमार्फत, पत्र-पत्रिकामार्फत र ठाउँ ठाउँमा कहाँ काहाँ दुर्घटनाग्रस्त ठाउँहरू छ त्यहाँ हामीले यसपालिदेखि सङ्केतहरू राखे, राति

जाँदाखेरि बत्ती छैन भने राखेको बोर्डले नै त्यसलाई अगाडिको संकेत बोर्डले नै त्यसलाई लाइटिङ गर्ने त्यो प्रणाली आइसकेको छ।तर यसपालि ०८१/०८२ देखि हामी त्यो सुरु गर्न गइरहेको सम्माननीय अध्यक्ष महोदयमार्फत माननीय सदस्यहरूलाई म जानकारी गराउन चाहन्छु। यसपालि हामीले यो बजेटमा व्यवस्थापन गरिसकेका छौं। ट्राफिक व्यवस्थापन सवारी साधनका निरीक्षण प्रक्रियाहरूमा अनियमित पद्धतिले सडक सुरक्षा उपायहरू कमजोर बनाउँछन् स्रोत साधनको अनुचित प्रयोग र कमजोर व्यवस्थापनले सडक सुरक्षा ..... हरूको प्रभावकारितामा बाधा पुऱ्याएको छ। सरकारले सडक सुरक्षाका समस्याहरूलाई व्यवस्थितरूपमा सम्बोधन गर्न राष्ट्रिय सडक सुरक्षा कार्य योजना स्वीकृति गरिसकेको छ। म माननीय सदस्यज्यूहरूलाई जानकारी गराउन चाहन्छु सम्माननीय अध्यक्ष महोदयमार्फत । स्वीकृति गरिसकेको छ।

यस योजनाले सडक दुर्घटना र मृत्यु घटाउन रणनीतिकरूपमा उद्देश्य र विशेष कार्यहरूको रूपमा प्रस्तुत गरेको छ।..... हामीले सुरक्षा कार्ययोजनामार्फत यसलाई कति कन्ट्रोल गर्न सक्छौं। त्यसको त्यसको इम्प्लिमेन्टसनतर्फ अर्थात् कार्यान्वयनतर्फ हामी लागेका छौं। दुर्घटनाजन्य सडक अवस्थाहरू पहिचान गर्न र सुधार गर्न नियमित सडक सुरक्षा अडिटहरू सञ्चालन गरिएका छन्। अब हामीले सुरु गरिसकेका छौं। यी परीक्षणहरूले सडक सुरक्षा बढाउन, पूर्वाधार सुधार गर्न समेत हामीलाई मद्दत गर्नेछ भनेर हामीले विश्वास लिएका छौं। ट्राफिक जाम गर्नलाई सडक फराकिलो बनाउने, सडकको पेमेन्ट सुधार गर्ने, बाइपास निर्माण गर्ने, सडक पूर्वाधारको स्तरोन्नति र मर्मतका लागि पहिचानहरू। कहीं कहीं ठुलो ठुलो सडकले गर्दाखेरि पनि दुर्घटना भएको छ भने सानो सडकले पनि दुर्घटना भएको छ। ठुलो सडक छ मान्छे भए भरको स्पीडमा गाडि चलाउछ। सानो छ र त्यहाँ सवारी साधनको चाप बढ्ने बित्तिकै कि दुर्घटना हुन्छ कि त्यो ठोकिएर एकअर्कामा ठोकिएर अगाडि बढ्ने गरेको छ। जसको कारणले दुईटै सवारी साधनका धनीहरूलाई चाहिँ आर्थिकरूपमा पनि उहाँहरूलाई घाटा हुने गरेको छ र यसलाई व्यवस्थित गर्न अब मैले अघि पनि भनिहाले कि अब आउने जाने सबै सडकमा अहिलेसम्म व्यवस्थित गर्न सकेको छैन तर अब हामीले बनाउने चाहे त्यो पहाडमा होस्, चाहे त्यो मधेसमा होस् हामीले दुई लेन नेपाल संघीय सरकारले बनाउने। Single lane न बनाउने हामीले निर्णय नै गरिसकेका छौं। त्यस्तै पहाड र हिमालमा प्रतिकूल स्थितिमा मात्रै यो सिङ्गल र ठाउँ ठाउँमा हामीले डबल किन गर्छौं क्रसिङको लागि। होइन भने त्यहाँ पनि दुर्घटनाको सम्भावनाहरू बढ्नेछन् र अब यसलाई रोक्नलाई हामीले दुई लेन गर्दाखेरि आउने र जाने र ठाउँ ठाउँमा फर्काउने प्रकारका पनि डिजाइन हामीले चाहिँ अगाडि बढाएका छौं। लापरवाही गरी सवारी चलाउने र अन्य असुरक्षित व्यवहारलाई रोक्नका लागि

ट्राफिक कानुनको कडाईका साथ लागु हुने गरी नियम उल्लङ्घन गर्नेलाई कडा कारबाही गर्ने भनेर हामीले जुन मैले सडक सुरक्षा ऐन अन्तर्गत यसलाई चाहिँ व्यवस्थित गरेका छौं। दुर्घटना पीडितहरूलाई समयमै चिकित्सा सहायता सुनिश्चित गर्न द्रुत एम्बुलेन्सका सेवा र अस्पतालहरूसहितका थप प्रभावकारी आपत्कालीन प्रणाली भनेको हाम्रो हस्पिटल अघि मैले ट्रमा .....को कुरा उठाएको थिएँ। अहिले भएकै सँग ट्राफिक यातायात व्यवस्था विभाग र सम्बन्धित स्थानीय सरकारसँग तालमेल गरेर भएकोलाई उपलब्ध गराउने भएको हस्पिटलमा उपलब्ध सुविधाहरू लिने र त्यो बाहेक यो सरकारको नीति छ रोडको छेउछेउमा बनाउने त्यो त हामी बजेट छुट्याए पनि धेरै ठाउँमा बनाउन सकेका छैन। मैले अघि पनि माननीय सदस्यहरूलाई जानकारी गराइसकेको छु। तर अब यो प्रणालीलाई लागू गर्न हामीले ऐनमै पनि कि कुन हस्पिटल जस्तो कि अहिले के छ दुर्घटना हुँदाखेरि पेमेन्टको समस्या हुन्छ। घायल यात्रीहरूचाहिँ पैसा हुँदैन। त्यतिखेर के गर्ने त? सबै सवारीसाधनको ध्वनिहरू तुरुन्त उपलब्ध हुँदैन। अनि त्यस्तो बेलामा कसरी हामीले उपचारको व्यवस्था मिलाउने? आउने ऐन अन्तर्गत गते नै हामीले त्यसको पनि व्यवस्थापन गरेका छौं। बालबालिकाको सुरक्षाको लागि उचित चिन्ह, पैदल यात्री क्रसिङहरू र गति प्रतिबन्धसहित स्कुल वरिपरी जुन प्रस्तावमा पनि तपाईहरूले लेख्नुभएको छ २० किलोमिटर २० किलोमिटर हुन्छ कि २५ के हुन्छ त्यो सल्लाह गरेर, विज्ञहरूसँग सल्लाह गरेर यो व्यवस्थापन अहिले पनि छ र यसलाई अझ व्यवस्थापन कसरी गर्ने हो। जुन तपाईहरूको त्यो कुरा आइसकेपछि अहिले चाहिँ ठाउँ ठाउँमा २० पनि छ। कहीं ३० पनि छ कहीं ४० पनि छ। बाँकी जेनरल ६० छ, हाइवेहरूमा सवारी र यातायात व्यवस्था ऐनलाई समयसापेक्ष बनाउन संशोधन गर्न नयाँ विधेयक म अघि पनि भने तयार भइसकेको छ। र राष्ट्रिय सभा र प्रतिनिधिसभामा पठाउन हामीले विधि प्रक्रिया अनुसार त्यो अगाडि बढाइसकेका छौं। सडक सुरक्षालाई उच्च प्राथमिकता दिई यस क्षेत्रलाई नीतिगत, संस्थागत तथा कानुनी प्रबन्ध गर्न सडक सुरक्षा नीति, सडक सुरक्षा परिषद् तथा सडक सुरक्षा विधेयकको तयारी भइसकेको र सरोकारवालाको राय माग्ने प्रक्रिया अघि जुन मैले भनेको थिएँ त्यो गरेर राष्ट्रिय सभा र प्रतिनिधिसभामा पठाउने अन्तिम तयारी भइसकेको म जानकारी गराउन चाहन्छु।

र अन्तमा नेपालमा सडक सुरक्षालाई सम्बोधन गर्न सडक पूर्वाधारमा सुधार ट्राफिक कानुनको कडा कार्यान्वयन, चालक चालकलाई तालिम कार्यक्रम र जनचेतनामूलक अभियानहरूसहितको बहुआयामिक दृष्टिकोण चाहिन्छ यी समस्याहरूलाई सम्बोधन गरेर नेपालले

सडक दुर्घटनाका घटनाहरूलाई कम गर्न र सडक प्रयोगकर्ताहरूको समग्र सुरक्षामा सुधार गर्न सकिन्छ। सम्माननीय अध्यक्ष महोदयमार्फत म माननीय सदस्यज्यूहरूलाई के जानकारी गराउन चाहन्छु कि जति कुरा यहाँहरूले अहिले राख्नुभयो छलफलमा यी कुराहरूलाई व्यवस्थित गरेर भौतिक पूर्वाधार तथा यातायात व्यवस्था विभाग प्रतिबद्ध छ। यो कुराहरूलाई समायोजन गरेर कानुनीरूपमा त्यसलाई सबै ठाउँबाट कानुनी कुराहरू पूरा गरेर दुर्घटनाहरूलाई रोक्न हरसम्भव प्रयास गर्ने विश्वास दिलाउँदै म आफ्नो भनाइ यहीँ समाप्त गर्न चाहन्छु। धन्यवाद।

(१५:४४ बजे)**सम्माननीय अध्यक्ष** :-माननीय सदस्यहरू, अब माननीय उपप्रधानमन्त्री एवं भौतिक पूर्वाधार तथा यातायात मन्त्री रघुबीर महासेठले दिनुभएको जवाफका सम्बन्धमा स्पष्टीकरण माग गर्न चाहनुहुने माननीय सदस्यहरूलाई समय उपलब्ध गराउँछु। "सवारी दुर्घटना न्यूनीकरणसम्बन्धी" विषयको जरुरी सार्वजनिक महत्त्वको प्रस्तावमाथिको छलफलमा भाग लिनुभएका माननीय सदस्यहरूले मात्र स्पष्टीकरण माग गर्न सक्नुहुने बेहोरा जानकारी गराउँछु। माननीय सदस्यहरू, स्पष्टीकरण माग गर्न चाहनुहुने माननीय सदस्यहरूले आ-आफ्नो नाम अध्यक्षको डायससँगै बसेका सचिवालयका कर्मचारीहरूलाई ३ मिनेटभित्र उपलब्ध गराइदिनुहुन अनुरोध गर्दछु। स्पष्टीकरण माग गर्न चाहनुहुने प्रत्येक माननीय सदस्यलाई १ मिनेटको समय निर्धारण गरेको छु।

माननीय सदस्यहरू, अब माननीय उपप्रधानमन्त्री एवं भौतिक पूर्वाधार तथा यातायात मन्त्री रघुबीर महासेठले दिनुभएको जवाफका सम्बन्धमा कुनै पनि माननीय सदस्यबाट स्पष्टीकरण माग गर्न नाम प्राप्त नभएको जानकारी गराउँछु।

माननीय सदस्यहरू, माननीय सदस्य सोनाम गेल्जेन शेर्पा प्रस्तावक र माननीय सदस्य जग प्रसाद शर्मा, माननीय सदस्य कृष्णबहादुर रोकाय, माननीय सदस्य भगवती न्यौपाने, माननीय सदस्य मदन कुमारी शाह (गरिमा), माननीय सदस्य मोहम्मद खालिद, माननीय सदस्य तुल प्रसाद विश्वकर्मा, र माननीय सदस्य शेखर कुमार सिंह समर्थक भई पेस गर्नु भएको उक्त जरुरी सार्वजनिक महत्त्वको प्रस्तावमाथिको छलफल यहीँ समाप्त हुन्छ।

माननीय सदस्यहरू, अब म राष्ट्रिय सभाका सचिव डा. सुरेन्द्र अर्याललाई राष्ट्रिय सभाबाट पारित भई सन्देशसहित प्रतिनिधि सभामा पठाइएको “सुरक्षण मुद्रणसम्बन्धी विधेयक, २०७७” का

सम्बन्धमा प्रतिनिधि सभाबाट प्राप्त सन्देश सभा समक्ष जानकारी गराई टेबुल गर्न समय उपलब्ध गराउँछु।

(१५:४६ बजे)**श्रीमान् सुरेन्द्र आर्याल (राष्ट्रिय सभा सचिव)**:-सम्मानीय अध्यक्ष महोदय, राष्ट्रिय सभाबाट सन्देशसहित प्रतिनिधिसभामा पठाइएको विधेयकको सम्बन्धमा सन्देश प्राप्त भएको छ। अध्यक्ष महोदयको अनुमतिले राष्ट्रिय सभा नियमावली २०७५ को नियम १२३ को उपनियम (१) को व्यवस्था बमोजिम उक्त सन्देश सभालाई जानकारी छु।

श्री सचिव

राष्ट्रिय सभा

विषयः- सन्देशसहित विधेयक फिर्ता पठाइएको ।

राष्ट्रिय सभामा उत्पत्ति भएको सुरक्षण मुद्रणसम्बन्धी विधेयक २०७७ लाई शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समितिको प्रतिवेदनको बुँदा नम्बर १ मा रहेको २०८० को भन्ने सट्टा २०८१ कायम हुने गरी संशोधनसहित सम्बद्ध २०८१ साल ज्येष्ठ २४ गते बिहिबार बसेको प्रतिनिधि सभाको बैठकले पारित गरेकोले प्रतिनिधिसभा नियमावली २०७९ को नियम १३३ को उपनियम ५ बमोजिम सन्देशसहित उक्त विधेयक फिर्ता पठाएको बेहोरा अनुरोध गर्दछु।

पद्मप्रसाद पाण्डे

महासचिव

२०८१।०२।५

सम्मानीय अध्यक्ष महोदय अध्यक्ष महोदयको अनुमतिले राष्ट्रिय सभा नियमावली २०७५ को नियम १२३ को उपनियम १ को व्यवस्था बमोजिम उक्त सन्देश सभा समक्ष टेबुल गर्दछु। धन्यवाद ।

(१५:४८ बजे)**सम्माननीय अध्यक्ष** :-माननीय सदस्यहरू, अब म, माननीय सञ्चार तथा सूचना प्रविधि मन्त्री रेखा शर्मालाई "मिडिया काउन्सिल विधेयक, २०८० लाई दफावार छलफलका लागि विधायन व्यवस्थापन समितिमा पठाइयोस्" भन्ने प्रस्ताव प्रस्तुत गर्न समय उपलब्ध गराउँछु।

(१५:४८ बजे)**माननीय सञ्चार तथा सूचना प्रविधि मन्त्री रेखा शर्मा** :-सम्माननीय अध्यक्ष महोदय, अध्यक्ष महोदयको अनुमतिले मिडिया काउन्सिल विधेयक २०८० लाई दफावार छलफलका लागि विधायन व्यवस्थापन समितिमा पठाइयोस् भन्ने प्रस्ताव सभा समक्ष प्रस्तुत गर्दछु। धन्यवाद।

(१५:४९ बजे)**सम्माननीय अध्यक्ष** :-माननीय सदस्यहरू, अब म, "मिडिया काउन्सिल विधेयक, २०८० लाई दफावार छलफलका लागि विधायन व्यवस्थापन समितिमा पठाइयोस्" भन्ने प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोला।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोस्।

-"हुन्छ"

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोस्।

"हुन्न" भन्ने आवाज सुनिएन। तसर्थ "मिडिया काउन्सिल विधेयक, २०८० लाई दफावार छलफलका लागि विधायन व्यवस्थापन समितिमा पठाइयोस्" भन्ने प्रस्ताव सर्वसम्मतिले स्वीकृत भएको घोषणा गर्दछु।

माननीय सदस्यहरू, राष्ट्रिय सभाको अर्को बैठक २०८१ साल जेठ २९ गते मङ्गलबार अपराह्न १ बजेर १५ मिनेटमा बस्ने गरी यो बैठक स्थगित हुन्छ।

(तदनन्तर, अर्को बैठक २०८१ साल जेठ २९ गते मङ्गलबार अपराह्न १ बजेर १५ मिनेटमा बस्ने गरी यो बैठक स्थगित भयो)।

**स्थगितः १५:५० बजे।**